## सर्वोच्च अदालत, संयुक्त इजलास

## माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ

## माननीय न्यायाधीश श्री नहकुल सुवेदी

## आदेश

रिट नं.: ०७५-WO-०७४१

विषयः परमादेश समेत।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १०, थापागाउँ, नयाँ वानेश्वर कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिकारप्राप्त सचिव तथा आफ्नो हकमा समेत अधिवक्ता कुमारी खरेल.........................................१ — निवेदक

*विरूद्ध*

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौं...................१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौं..............१ — विपक्षी

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, काठमाडौं.......................१

नेपाल सरकार, अर्थ मन्त्रालय, काठमाडौं.....................................................१

**यस अदालतमा रिट निवेदन परेको मितिः-** २०७५।१०।२५

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

**<u>तथ्य खण्डः</u>**

१. **रिट निवेदनको बेहोराः** उपभोक्ता हित संरक्षण मञ्च नेपाल २०५१ सालमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता भई सो समयदेखि हालसम्म अविछिन्न रुपमा उपभोक्ता हित संरक्षणको क्षेत्रमा कार्यरत सामाजिक संस्था हो। म रिट निवेदक कुमारी खरेल उपभोक्ता हित संरक्षणको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशिल भई मञ्चको सचिव पदमा जिम्मेवारीप्राप्त एक कानून व्यवसायी, नेपाली नागरिक हुँ। नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा उपभोक्ता अदालत गठन सम्बन्धी व्यवस्था र दफा ५० ले क्षतिपूर्ति दावी गर्नसक्ने व्यवस्था गरेको छ। वस्तु र सेवा बजारमा उपभोक्ता हित संरक्षण गर्न तत्काल उपभोक्ता अदालत गठन गर्न अति आवश्यक छ। तर कानूनले उपभोक्ता अदालतको गठनको व्यवस्था गरे तापनि अहिलेसम्म उपभोक्ता अदालत गठन हुन सकिरहेको छैन। संविधान र ऐन लागू भएको यत्ति लामो समय व्यतित भइसक्दा समेत विपक्षीहरुद्वारा उपभोक्ता अदालत गठनको लागि कुनै पहल भएको देखिँदैन। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन, २०५४ लाई खारेज गर्‍यो। तर जिल्ला क्षतिपूर्ति समितिहरुमा चलिरहेका मुद्दाहरुको सम्बन्धमा उक्त ऐनमा केही व्यवस्था गरिएन। स्वच्छ र सक्षम न्यायिक निकायबाट सुनुवाईको अधिकार उपभोक्ताको आधारभूत अधिकार भएकोले कानूनद्वारा निर्दिष्ट गरेको उपभोक्ता अदालतको गठन नगर्नु र क्षतिपूर्ति सम्बन्धी पीडित उपभोक्ताको उजूरी उपर सुनुवाईको आवश्यक व्यवस्था नगर्नुबाट आम उपभोक्ताले न्यायबाट वञ्चित हुनुपर्ने अवस्था श्रृजना भएकोले उपभोक्ताको न्याय प्राप्तीको विषय

गम्भीर सार्वजनिक सरोकारको विषय समेत भएको र उपचारको लागि अरु कुनै प्रभावकारी उपचारको माध्यम समेत नभएकोले कानूनी उपचारका लागि प्रस्तुत रिट निवेदन लिई उपस्थित भएका छौं।

२. उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१(१) बमोजिम उपभोक्ता अदालतको गठन गर्ने अधिकार र कर्तव्य नेपाल सरकारको रहन गएको छ। ऐनको दफा ४१ को उपदफा (२) बमोजिम गठन हुने उपभोक्ता अदालतका अध्यक्ष तोक्नु अघि विपक्षी न्याय परिषद्को र सदस्यहरु तोक्नु अघि विपक्षी न्याय सेवा आयोगको परामर्श लिनुपर्ने कानूनी व्यवस्था छ। उक्त कानूनी व्यवस्था अनुसार विपक्षीहरुबाट परामर्श लिनु दिनु गर्ने काम कारवाही प्रति उदासिन रहे भएका कारणले उपभोक्ता अदालत गठन हुन सकिरहेको छैन। कानूनबाट गठन गर्नुपर्ने उपभोक्ता अदालतका लागि आवश्यक पूर्वाधार, साधन, श्रोत र जनशक्तिका लागि आवश्यक पर्ने आर्थिक श्रोत विनियोजन गर्नु गराउनु विपक्षी अर्थ मन्त्रालयको दायित्व हो। विपक्षी अर्थ मन्त्रालयले समेत सोतर्फ ध्यान नदिई बेवास्ता गरिरहेको छ। जिल्ला क्षतिपूर्ति समितिहरुमा खारेज भैसकेको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ र २४ बमोजिम परेका सयौं उपभोक्ताका दर्जनौं उजूरीको सम्बन्धमा कानूनी निकास प्रदान गर्न आवश्यक पहल गरी यथासक्य चाँडो पीडित उपभोक्ताको न्यायको चित्कारलाई उचित सम्बोधन गर्न पहल गर्नुको साटो हालसम्म अनादेश गरी बेवास्ता गर्ने काम सरोकारवाला विपक्षी उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय र विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट हुनु दुःखद र उपभोक्ता माथिको असंवेदनशीलताको पराकाष्टा हुँदै आएको छ। विपक्षीहरुको उपभोक्ता अदालत गठन गर्न र जिल्ला क्षतिपूर्ति समितिहरुमा परेका मुद्दाको सुनुवाई गर्ने गराउने सम्बन्धमा आआफ्ना क्षेत्रबाट गर्नुपर्ने काम, कर्तव्य, अधिकार र दायित्वको पालना नगरी नगराई भए गरेका काम कारवाही गैरसंवैधानिक, गैरकानूनी, गैरन्यायिक हुनको साथै विपक्षीहरुबाट जानाजान उपभोक्ता हक अधिकार माथिको बेवास्ता भए, गरे गराएबाट आम उपभोक्तालाई गम्भीर मर्का पर्न गएको छ।

३. नेपालको संविधानको धारा १८ मा कानूनको समान संरक्षणको हक, धारा २० मा न्याय सम्बन्धी हक, धारा २१ मा अपराध पीडितको हक र धारा ४४ मा उपभोक्ताको हक तथा धारा ४६ मा संवैधानिक उपचारको हकको व्यवस्था छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा उपभोक्ता अदालतको गठनको व्यवस्था गरेको छ। तर हालसम्म कानूनले तोके बमोजिम उपभोक्ता अदालत गठन हुन नसक्दा संविधानमा उल्लिखित मौलिक र उपभोक्ता संरक्षण ऐनमा व्यवस्थित कानूनको मकसद पुरा हुन सकेको छैन। उपभोक्ताले छिटो सुलभ रुपमा उपभोक्ता अदालतबाट न्याय पाउन सकेका छैनन। उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२, २४ बमोजिम दर्ता भई सुनुवाईको क्रममा रहेका दर्जनौ मुद्दाहरुको बारेमा उपभोक्ता संरक्षण संरक्षण ऐन, २०७५ मौन छ। जसले गर्दा उपभोक्ताका दर्जनौ उजूरीहरु अनिर्णयको बन्दी भई जिल्ला प्रशासन कार्यालयहरुमा थन्किएर रही उपभोक्ता छिटो न्याय पाउनबाट वञ्चित हुँदै आएका छन। कसैलाई पनि न्यायबाट वञ्चित नगरिने भन्ने संविधानको मौलिक हक तथा ढिलो न्याय दिनु भनेको न्याय नै नदिएको सरह हुने कानूनी सिद्धान्त समेत रहँदै आएको छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्थाहरुबाट उपभोक्ता अदालतको गठन गर्न र जिल्ला क्षतिपूर्ति समितिमा परेका उजूरीहरुको सुनुवाई गर्न आवश्यक यशासक्य चाँडो उपभोक्ता अदालत गठनको व्यवस्था गरी उपभोक्ताका मुद्दाहरु सुनुवाई र किनारा गर्न र क्षतिपूर्तिका लागि परमादेश लगायत उपयुक्त आज्ञा आदेश पुर्जी जारी हुन आवश्यक छ।

४. तसर्थ, उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१(१) बमोजिम प्रत्येक जिल्लामा उपभोक्ता अदालत गठन गर्नू गराउनू; उपभोक्ता अदालतमा आवश्यक पर्ने बजेट, श्रोत, साधन, जनशक्तिको उचित एवं प्रभावकारी व्यवस्थापन गर्नू गराउनू तथा दफा ६५(१) ले साविक उपभोक्ता संरक्षण ऐन खारेज गरेको अवस्थामा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ र २४ बमोजिम जिल्ला क्षतिपूर्ति समितिहरुमा परेका उजूरीहरुलाई उपभोक्ता अदालतबाट सुनुवाई गर्नू, उपभोक्ता अदालत गठन नहुँदासम्म सम्बन्धित जिल्ला अदालतमा सारी सुनुवाई गर्नू गराउनू भन्ने परमादेश लगायतको उपयुक्त आज्ञा

आदेश जारी गरी पाउँ। साथै, तत्काल जिल्ला क्षतिपूर्ति समितिमा उजूरी परी हाल क्षेत्राधिकारका अभावले उक्त उजूरहरुमाथि कारवाही हुन नसकेको र विपक्षीहरुबाट कानूनी व्यवस्था गर्न प्रक्रियागत रुपमा लामो समय लाग्ने भई पीडित उजूरीकर्ताहरुलाई न्याय पाउन ढिलाई भई अपुरणीय क्षति पुग्न जाने भएकोले उक्त उजूरीहरुको न्यायिक व्यवस्थापन सम्बन्धी स्पष्ट कानूनी व्यवस्था नभएसम्म सम्बन्धित जिल्ला अदालतमा उक्त उजूरी सारी उक्त उजूरीमाथि सुनुवाई गर्नू गराउनू भनी विपक्षीहरुका नाउँमा अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत बेहोराको अधिवक्ता कुमारी खरेल समेतको तर्फबाट पेश हुन आएको रिट निवेदन।

५. <u>**अदालतबाट भएको कारण देखाउ आदेशः**</u> यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित लिखित जवाफ पेश गर्नू। हाल निर्णय हुन बाँकी क्षतिपूर्ति सम्बन्धी उजूरीहरुको संख्या महान्यायाधिवक्ताको कार्यालय मार्फत संकलन गरी गराई अन्तरिम आदेश सम्बन्धमा छलफलको लागि मिति २०७५।११।१३ को पेशी तोकी महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिनू भन्ने समेत यस अदालतबाट मिति २०७५।१०।२८ मा जारी भएको आदेश।

६. <u>**अदालतबाट भएको अन्तरिम आदेशः**</u> नेपालको संविधानको धारा ४४ ले उपभोक्ताको हक अन्तर्गत क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन, २०५४ खारेज गरेको र सो ऐन अन्तर्गत भए गरेको काम कारवाही यसै ऐन बमोजिम हुने भनी खारेजी र बचाउ गरेको देखिन्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले उपभोक्ता अदालतको गठनको व्यवस्था गरेको र दफा ४८ ले दफा ४१ बमोजिमको अदालत गठन नभए सम्मको लागि मुद्दाको कारवाही, सुनुवाई र किनारा सम्बन्धी कार्य जिल्ला अदालतले गर्ने भन्ने व्यवस्था गरेको देखिन्छ। यस्तो स्पष्ट कानूनी व्यवस्था रहेको अवस्थामा खारेज भएको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२, २३ र २४ अन्तर्गतको क्षतिपूर्ति समितिमा दर्ता रहेको विचाराधिन उजूरी निवेदनहरुको सुनुवाई

कारवाही व्यवस्थापन अनिर्णित अवस्थामा रहेको छ। यस्तो अन्यौलता यस निवेदनको अन्तिम निर्णयसम्म रहँदा उपभोक्ताको क्षतिपूर्ति जस्तो अति आवश्यक मौलिक अधिकारको कार्यान्वयनमा द्विविधा र ढिलासुस्ती भई न्यायको उपलब्धता र पहुँचमा समेत असर पर्न जाने हुँदा उपभोक्ताको हक हितमा अपुरणीय क्षति पुग्न जान्छ। वर्तमान अवस्थाको द्विविधा तथा अन्यौलतालाई हटाउन खारेज भएको ऐन अन्तर्गतको क्षतिपूर्ति समितिमा रहेका विचाराधीन उजूरीहरुको सुनुवाई, कारवाही र किनारा तत्काल गरी सुविधा सन्तुलनको हिसाबले यस निवेदनको अन्तिम किनारा नलागेसम्म उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४८ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट नै क्षतिपूर्ति समितिमा बाँकी रहेका उजूरी तथा निवेदनहरुको कारवाही र किनारा गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने समेत यस अदालतबाट मिति २०७५।११।१३ मा जारी भएको आदेश।

७. <u>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफः</u> उपभोक्ता संरक्षण ऐन, २०७५ लागू भएको लामो समय व्यतित भइसक्दा पनि उपभोक्ता अदालतको गठन प्रकृया अगाडि नबढाएको कारण उपभोक्ताहरु मर्कामा परेको भन्ने सम्बन्धमा, गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानीक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न उपभोक्तालाई प्राप्त हकको प्रचलनको लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउने उद्देश्यले उपभोक्ता संरक्षण ऐन, २०७५ आएको हो। उक्त ऐनको दफा ५९ को उपदफा (१) मा यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्नेछ र उपदफा २ मा उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले अनुसन्धानको काम पूरा भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकिल समक्ष पठाउनु पर्नेछ र सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएमा निरीक्षण अधिकृतले मुद्दा दायर गर्नेछ; साथै उपदफा ३ मा उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले मुद्दा दायर गर्दा दफा ४० को उपदफा (१) बमोजिमको सजाय हुने

कसूर सम्बन्धी मुद्दाको हकमा विभागको महानिर्देशक समक्ष र दफा ४० को उपदफा ३ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको हकमा अदालत गठन भएकामा अदालत समक्ष र अदालत गठन नभएकोमा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नेछ भन्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम निरीक्षण अधिकृतले अदालत गठन नभएको अवस्थामा पनि सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्ने व्यवस्था उक्त ऐनमा भएको हुँदा उपभोक्ता अदालतको गठन प्रकृया अगाडि नबढाएको कारण उपभोक्ताहरु मर्कामा परी न्याय प्राप्त गर्न नसकेको भन्न मिल्ने अवस्था नरहेको बेहोरा सम्मानित अदालत समक्ष अवगत गराउन चाहन्छु। नेपाल सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्दै जाने नै हुँदा माग बमोजिम आदेश जारी गर्नुपर्ने नरहेकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

८. <u>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफः</u> उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउने समेतको उद्देश्यले उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। ऐनको दफा ४१ को उपदफा (१) मा यस ऐन अन्तर्गतका दफा ४० को उपदफा (१) बमोजिम हुने मुद्दा बाहेक अन्य मुद्दाको कारवाही तथा किनारा गर्नको लागि नेपाल सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता अदालतको मुकाम तथा क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुनेछ भन्ने प्रष्ट कानूनी व्यवस्था रहेको छ। सोही ऐनको दफा ४७ मा उपभोक्ता अदालतको विघटन र मुद्दा सर्ने सम्बन्धी व्यवस्था समेतको गरिएको छ। त्यसैगरी ऐनको दफा ६५ को उपदफा (१) ले उपभोक्ता संरक्षण ऐन, २०५४ खारेज गरिएको र सोही दफाको उपदफा (२) मा उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ भन्ने प्रष्ट

कानूनी व्यवस्था रहेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनु पर्ने होइन। मुलुकको संविधान तथा कानून बमोजिम नागरिकहरुको हक अधिकार सुनिश्चित गर्ने सम्बन्धमा नेपाल सरकार एवं यस मन्त्रालय संवेदनशील एवं क्रियाशील रही काम कारवाही गरिरहेको कुरालाई अनादेखा गरी दायर भएको प्रस्तुत रिट निवेदन जिकिर खारेजभागी छ खारेज गरिपाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

९. <u>नेपाल सरकार, अर्थ मन्त्रालयको लिखित जवाफः</u> विपक्षीले यस मन्त्रालयलाई के कुन कारण र आधारमा विपक्षी बनाउनु भएको हो र यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट निजको हक अधिकारमा असर पर्न गएको हो भन्ने सम्बन्धमा निवेदनमा कहीकतै उल्लेख गर्नुभएको नदेखिँदा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने अवस्था नै नहुँदानहुँदै पनि विपक्षी बनाउनु भएको देखिएको तथा यस मन्त्रालयको कुनै काम कारवाही र निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारको हनन् नभएको तथा नगरिएकोले निवेदन दावी तर्कसंगत र औचित्यपूर्ण नहुँदा रिट निवेदन खारेजभागी भएकोले खारेज गरी पाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

१०. <u>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः</u> गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुनसक्ने हानी, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई संशोधन र एकीकरण गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। यस ऐनले उपभोक्ता अदालत सम्बन्धी व्यवस्था गरेको छ। सो अदालत गठन नभए सम्मको लागि सो ऐन बमोजिमको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने छ भनी ऐनले नै विशेष व्यवस्था गरेकोले साविकको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२, २३ र २४ बमोजिम जिल्ला क्षतिपूर्ति समितिहरुमा परेको उजूरीहरुलाई उपभोक्ता अदालत गठन

नहुँदासम्म ऐनको दफा ४८ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट टुङ्गो लाग्ने नै हुन्छ। सो अदालत गठन नहुँदा सम्मको लागि सम्बन्धित जिल्ला अदालतबाट काम कारवाही हुने गरी ऐनमा नै व्यवस्था भइसकेपछि फरक निकाय वा क्षेत्रबाट काम कारवाही गर्न वा गराउन पाउँ भनी माग गर्न मिल्ने हुँदैन। उपभोक्ता अदालतको गठन सम्बन्धमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ मा व्यवस्था रहेको छ। साविकको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २३ मा व्यवस्था गरिएको क्षतिपूर्ति समितिको सम्बन्धमा हालको ऐनले उपभोक्ता अदालतकै परिकल्पना गरिसकेकोले साविकको व्यवस्थालाई निरन्तरता नभएको हो। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५० मा क्षतिपूर्ति सम्बन्धमा; दफा ५१ मा क्षतिपूर्ति प्रदान गर्नुपर्ने तथा दफा ५२ मा क्षतिपूर्तिको मापदण्ड निर्धारण गर्ने सम्बन्धी व्यवस्था भएको अवस्थामा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (१) बमोजिमको उपभोक्ता अदालत गठन नहुँदासम्म ऐनको दफा ४८ मा भएको मुद्दाको काम कारवाही सम्बन्धी विशेष व्यवस्था अन्तर्गत उपभोक्ता अदालत गठन नहुँदासम्म मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने क्षेत्राधिकार सम्बन्धित जिल्ला अदालतमा हुने गरी व्यवस्था भइसकेको हुँदा साविकको उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २३ र दफा २४ बमोजिमका व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम नै टुङ्गो लाग्ने भएकोले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रत्यर्थी बनाई रिट दायर गर्नुपर्ने होइन। विधायीकी अधिकार अन्तर्गत विधायीकाले कानून बनाएको र उपभोक्ता संरक्षण ऐन, २०७५ को अधिकार अन्तर्गत दफा ६३ बमोजिम प्रत्यायोजित विधायन अन्तर्गत रही नियमावली बन्न सक्ने नै भएको र नियमावलीबाट ऐन कार्यान्वयनमा थप प्रष्ट हुन जाने भएकोले अदालतबाट मिति २०७५।११।१३ मा जारी भएको अन्तरिम आदेश लगायत प्रस्तुत रिट निवेदन खारेजभागी भएकोले खारेज गरिपाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेश हुन आएको लिखित जवाफ।

## आदेश खण्डः

११. नियमबमोजिम मुद्दा पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजातको अध्ययन गरियो।

१२. रिट निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री ज्योति बानियाँ, श्री विष्णु प्रसाद तिमल्सिना, श्री हरि प्रसाद मैनाली, श्री श्रृंगऋषि काफ्ले, श्री जय प्रसाद पौडेल र श्री टीकाराम रिजालले नेपालको संविधानले उपभोक्ताको हकलाई मौलिक हकको रुपमा संरक्षण प्रदान गरेको छ। उक्त हकलाई कार्यान्वयन गर्न जारी गरिएको उपभोक्ता संरक्षण ऐन, २०७५ मा क्षतिपूर्तिको सुनिश्चितताका लागि उपभोक्ता अदालत गठन गरिने व्यवस्था गरिएको हो। नेपालको संविधानमा विशिष्टीकृत अदालत गठन गर्न सकिने व्यवस्था समेत रहेको छ। प्राविधिक विषयमा प्राविधिक रुपमा नै छिटोछरितो न्याय निरुपण गर्नु आवश्यक र उपयुक्त हुने भएकाले प्रत्येक जिल्लामा कम्तिमा एकएक वटाको संख्यामा रहने गरी उपभोक्ता अदालत गठन गरी ऐनको व्यवस्था कार्यान्वयन गरिनु पर्दछ। छरितो न्याय प्राप्त गर्न उपभोक्ता अदालत आवश्यक छ, त्यसकारण कानूनमा उल्लिखित व्यवस्था बमोजिम उपभोक्ता अदालत गठन गर्नू भनी विपक्षीहरुका नाउँमा परमादेश लगायतका आदेश जारी हुनु पर्दछ भनी बहस गर्नुभयो।

१३. विपक्षी निकायहरुका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५९ मा सो ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान निरीक्षण अधिकृतले गर्ने र दफा ४० को उपदफा (१) बमोजिमको सजाय हुने कसूरका हकमा विभागको महानिर्देशक समक्ष र उपदफा (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको हकमा उपभोक्ता अदालत गठन भएकोमा सो अदालत समक्ष र गठन नभएकोमा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्ने व्यवस्था छ। सो व्यवस्थाबाट उपभोक्ता अदालत गठन नभएको अवस्थामा पनि सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्ने अवस्था हुँदा उपभोक्ता अदालत गठन नभएकै कारण उपभोक्ताहरुले न्याय प्राप्त गर्न नसकेको अवस्था छैन। प्रस्तुत रिट

निवेदनमा भएको अन्तरिम आदेशले क्षतिपूर्ति समितिमा बाँकी रहेका उजूरी तथा निवेदनहरुको कारवाही र किनारा जिल्ला अदालतबाट नै गर्ने व्यवस्था मिलाउन भनेको हुँदा माग गरेको उपचार प्राप्त भैसकेको अवस्था छ। तसर्थ, माग बमोजिम आदेश जारी गर्नुपर्ने अवस्था छैन। प्रस्तुत रिट निवेदन खारेज हुनु पर्दछ भनी बहस गर्नुभयो।

१४. यसमा, नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ को उपभोक्ता अदालत गठन सम्बन्धी व्यवस्था र दफा ५० को क्षतिपूर्ति दावी गर्नसक्ने व्यवस्था लगायतका संवैधानिक एवं कानूनी व्यवस्थाबाट उपभोक्ता हित संरक्षण गर्न तत्काल उपभोक्ता अदालत गठन गर्न अति आवश्यक रहेकोमा अहिलेसम्म उपभोक्ता अदालत गठन भएको छैन। साथै, उपभोक्ता संरक्षण ऐन, २०७५ ले उपभोक्ता संरक्षण ऐन, २०५४ लाई खारेज गरेकोमा साविकको ऐन बमोजिम गठित जिल्ला क्षतिपूर्ति समितिहरुमा चलिरहेका क्षतिपूर्ति सम्बन्धी पीडित उपभोक्ताको उजूरी तत्काल जिल्ला अदालतमा सर्ने व्यवस्था गरी सुनुवाईको व्यवस्था नगरिएबाट आम उपभोक्ता न्यायबाट वञ्चित हुनुपर्ने अवस्था श्रृजना भएको हुँदा प्रत्येक जिल्लामा यथाशक्य चाँडो उपभोक्ता अदालत गठन गर्न र जिल्ला क्षतिपूर्ति समितिमा परेका उजूरीहरुको सुनुवाई गर्न आवश्यक व्यवस्था गर्नू गराउनू भनी परमादेश लगायत उपयुक्त आज्ञा आद्रेश जारी गरिपाउँ भन्ने रिट निवेदन तथा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५९ मा सो ऐनको दफा ४० को उपदफा (३) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा उपभोक्ता अदालत गठन भएकोमा सो अदालत समक्ष र गठन नभएकोमा सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गर्ने व्यवस्था रहेको हुँदा उपभोक्ता अदालत गठन नभएको अवस्थामा पनि सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्ने नै हुँदा उपभोक्ता अदालत गठन नभएकै कारण उपभोक्ताहरुले न्याय प्राप्त गर्न नसकेको भन्न मिल्ने अवस्था नरहेको र कानून बमोजिम उपभोक्ता अदालत गठन सम्बन्धमा हाल प्रकृया समेत अगाडि बढिसकेको अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी हुनपर्ने अवस्था छैन। प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ देखिन आयो।

१५. उल्लिखित निवेदन तथा लिखित जवाफ जिकिर भएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजात अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु तथा विपक्षी तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले गर्नुभएको तर्कपूर्ण बहस जिकिरलाई समेत मनन गरी उपभोक्ताको हक, हित तथा उपभोक्ताको न्यायमा पहुँच समेतका विषयमा तुलनात्मक अध्ययन एवम् विश्लेषण गरी हेर्दा प्रस्तुत निवेदनमा देहायका प्रश्नहरुको निरुपण गरिनुपर्ने देखिन आयो:

क) उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा नेपालको संविधान तथा कानूनमा के कस्तो व्यवस्था रहेको छ?

ख) उपभोक्ता हक हित सम्बन्धी कानूनको व्याख्यामा यस अदालतबाट के कस्तो दृष्टिकोण विकास भएको छ?

ग). अन्य मुलुकको कानूनी व्यवस्था, अदालतको फैसला तथा अन्तरराष्ट्रिय कानूनको तुलनात्मक अध्ययनबाट उपभोक्ता अधिकारको संरक्षण र सम्बर्द्धनका सन्दर्भमा के कस्तो दृष्टिकोण विकास भएको पाइन्छ?

घ) निवेदन माग बमोजिम उपभोक्ता अदालत गठन हुनुपर्ने तथा उपभोक्ता संरक्षण ऐन, २०५४ बमोजिम जिल्ला क्षतिपूर्ति समितिहरुमा परेका उजूरीहरुलाई उपभोक्ता अदालत गठन नहुँदासम्म सम्बन्धित जिल्ला अदालतमा सार्ने लगायतको अन्य कुनै आदेश जारी हुनुपर्ने हो वा होइन?

१६. अब पहिलो अर्थात् **उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा नेपालको संविधान तथा कानूनमा के कस्तो व्यवस्था रहेको छ** भन्ने प्रश्नका सम्बन्धमा प्रवेश गर्नुपूर्व उपभोक्ता हक के, कस्तो प्रकृतिको हक हो र उपभोक्ता हक सम्बन्धी आधारभूत मूल्य मान्यता के कस्तो रहेको छ भन्ने सन्दर्भमा संक्षेपमा चर्चा गर्नु आवश्यक देखिन आयो।

१७. सामान्यतः जीविकाको लागि वस्तु वा सेवा खरिद गरी उपभोग गर्ने समाजका प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ताका रुपमा मान्नुपर्ने हुन्छ[1]। समाजको उपभोग चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको विक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकाले समाजका जुनसुकै व्यक्ति वा संस्था कुनै न कुनै रुपमा उपभोक्ताका रुपमा रहेका हुन्छन्[2]। उपभोक्ताले नसमेटेको कुनै व्यक्ति हुन सक्दैन। यस अर्थमा उपभोक्ता हक हित संरक्षणलाई आम रुपमा सबै व्यक्ति वा नागरिकका हक हित संरक्षणका रुपमा हेर्न आवश्यक र उपयुक्त हुन्छ। उपभोक्तावादी आन्दोलनका अग्रणी Ralph Nadar ले उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवन यापनसँग सम्बन्धित आधारभूत हक अधिकार संरक्षणका रुपमा शुरुवात गरेका हुन् भनी David Aughton र John Lawry ले आफ्नो पुस्तक A Textbook on Consumer Law[3]. मा उल्लेख गरेका छन् । वस्तुतः उपभोक्ता हित संरक्षणको विषय प्रत्यक्षतः गुणस्तरीय मानव जीवन यापनसँग सम्बन्धित देखिँदा उपभोक्ता हकलाई मानव अधिकारको अभिन्न पाटोको रुपमा हेरिनु आवश्यक देखिएको छ।

१८. यद्यपि, उपभोक्ता हक हित संरक्षणको सन्दर्भ गुणस्तरीय जीवन यापनका लागि अपरिहार्य मानिएको र यस अर्थमा उपभोक्ता हक संरक्षणको दायरा र विषयवस्तु अत्यन्त व्यापक रहने भए तापनि उपभोक्ता अधिकार मुल रुपमा वस्तु वा सेवाको सुरक्षित तरिकाले उपभोग तथा प्रयोग गर्न पाउने विषयमा केन्द्रीत रहेको पाइन्छ। उपभोक्ताले आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहज रुपमा पाउनुपर्छ भन्ने मान्यता उपभोक्ता अधिकारको आधारभूत मान्यता हो। उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिणाम, शुद्धता

---

[1] क) "Anyone who buys and avails services for his/her use for consideration is a consumer. Any user of such goods and services with the permission of the buyer is also a consumer". हेर्नुहोस्:- Justice V. Bal Krishna Eradi, *CONSUMER PROTECTION JURISPRUDENCE*, Lexis Nexis Butterworths, 2005, p.36.

ख) उपभोक्ता संरक्षण ऐन, २०७५ दफा २(घ) "उपभोक्ता" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ।

[2] ऐजन क)।

[3] David Aughton & John Lawry, *A Textbook on Consumer Law*, Blackstone Press Limited, London, UK, 1997.

र गुणस्तर आदिका बारेमा सही सूचना प्राप्त गर्ने, वस्तु वा सेवाको छनौट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउने जस्ता अधिकार समेटेको हुन्छ। उपभोक्ताको अधिकारको हनन् भएमा स्वच्छ न्यायिक प्रकृयाबाट क्षतिपूर्ति पाउने र विक्रेतालाई उत्तरदायी[4] बनाउने विषय उपभोक्ताको हक अधिकारको अर्को महत्वपूर्ण पाटो हो। कुनै खास वस्तु वा सेवामा विक्रेताको एकाधिकार, खरिदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरिदकर्ता भन्दा विक्रेता सङ्गठित र शक्तिशाली हुने अवस्था लगायतका विविध कारणले विक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासका विरुद्ध आम उपभोक्ताको सचेतना अभिवृद्धि गर्ने, निजहरुलाई क्षति हुन नदिने र क्षति हुन गएमा सो वापत क्षतिपूर्ति उपलब्ध गराउने उपभोक्ता संरक्षण कानूनको उद्देश्य रहेको हुन्छ।

१९. उल्लिखित अधिकारहरुमध्ये उपभोक्ताको छनौटको अधिकारसँग जोडिएर आउने अर्को महत्वपूर्ण र दार्शनिक पक्ष उपभोक्तावाद (Consumerism) हो। यसले गुणात्मक जीवन[5] का लागि बजार प्रणालीमा उपभोक्ताको सर्वोच्चता स्थापित हुनुपर्ने मान्यता राख्दछ[6]।

---

[4] The concepts of Corporate Social Responsibility and consumerism are historically linked, as they both arose as part of the reactions to the incessant complaints of unfair treatment of consumers by the sellers in the market place. It is a means of rescuing the consumers from their disadvantaged position vis-à-vis the sellers in the market place. हेर्नुहोस्:- B. Bello, *Corporate Social Responsibility and Consumer Rights Awareness: A Research Agenda*, Indian Journal of Science and Technology, Vol 9(46), 2016, https://sciresol.s3.us-east-2.amazonaws.com/IJST/Articles/2016/Issue-46/Article182.pdf.

[5] Jay Acton & Alan LeMond, *Ralph Nadar: A Man and a Movement*, Warner Paperback Library, 1972, p.169.

[6] क) The concept of consumer sovereignty has been expressed in a variety of different formulations, but it is most commonly grounded on the notion that consumers are the best judges of their own welfare and that their economic choices are effective in advancing their self-interests. Further, consumer choices provide both motivation and direction to sellers, such that consumer demand effectively orchestrates supply. हेर्नुहोस्:- William H. Redmond, *Consumer Rationality and Consumer Sovereignty*, Taylor & Francis, Ltd., Vol. 58, No. 2, 2000, p.178, https://www.jstor.org/stable/29770053?seq=1&cid=pdf-reference#references_tab_contents.

ख) Consumer sovereignty is based on three dimensions—consumer capability, the availability and quality of information, and the level of choice or the opportunity to switch. हेर्नुहोस्:- Gretchen Larsen & Rob Lawson, *Consumer Rights: An Assessment of Justice, Journal of Business Ethics*, February 2013, Vol. 112, No. 3, p.516, https://www.jstor.org/stable/23327337.

ग) Consumer sovereignty exists when two fundamental conditions are present. There must be a range of consumer options made possible through competition, and consumers must be able to choose effectively among these options. हेर्नुहोस्:-

उपभोक्तावाद वा उपभोक्ताको सर्वोच्चता केवल व्यावसायिक हित वा स्वार्थसँग मात्र सम्बन्धित नभई वस्तु वा सेवा बजारमा सामर्थ्यवानले कमजोर पक्षलाई दवावमा पार्ने बजार रणनीतिका विरुद्धको एक सङ्गठित सामाजिक अभियान समेत हो। उपभोक्तावाद सामाजिक न्यायको एक पहलुका रुपमा समेत विकसित हुँदै आएको देखिन्छ[7]। वर्तमान समयमा उपभोक्तावादलाई गरिबी घटाउने एक रणनीतिको रुपमा समेत लिने गरेको पाइन्छ।[8]

२०. उपभोक्ता हक संरक्षण सम्बन्धी मान्यताको अवधारणागत विकास अर्थशास्त्र वा बजारशास्त्रको नियमबाट प्रभावित भएको पाइन्छ। औद्योगिक क्रान्ति पश्चात् समाजमा तीव्र गतिमा विकास भएको करारवाद (Contractualism) ले बजारमा क्रेता र विक्रेता दुवैलाई आफ्नो हक हित संरक्षणमा समान रुपमा सक्षम मान्ने र बजारमा राज्यले हस्तक्षेप गर्न नहुने (Laissez Fair) मान्यता स्थापित गरेको हुँदा परिणामतः वस्तु वा सामान खरिद गर्दा क्रेताले नै होसियारी अवलम्बन गर्नुपर्छ (Caveat de Emptor- Let the Buyer Beware)[9] भन्ने अवधारणा व्याप्त थियो भने बजारशास्त्र/अर्थशास्त्रका मान्यताहरुमा भएको परिवर्तनसँगै बिसौं शताब्दीको मध्यसम्म आइपुग्दा बजार प्रणालीमा क्रेतालाई सम्पूर्ण रुपले जिम्मेवार बनाउन मिल्दैन। उत्पादक, आपूर्तिकर्ता वा विक्रेतालाई नै सचेत

---

Neil W Averitt & Robert H Landen, *Consumer Sovereignty: A United Theory of Antitrust and Consumer Protection Law*, Antitrust Law Journal, vol. 65, no. 3, 1997, p.713.

[7] The concept of the consumer is changing and there is an increasing appreciation that how consumers make decisions and respond to changes in price, quality, and other economic variables is more complex and multifaceted, and potentially more open to manipulation, than previously assumed. हेर्नुहोस्:- George A Akerlof & Others, *The Economics of Manipulation and Deception*, Princeton University Press, 2015, p.323.

[8] S Rachagan (ed), *Developing Consumer Law in Asia*, Faculty of Law, University of Malaya, 1994, p.201.

[9] The traditional common-law doctrine governing sales—that is, "let the buyer beware," or caveat emptor—assumes that sellers have no duty of information disclosure and no liability for products sold." हेर्नुहोस्:- K. W. Chau & Lennon H. T. Cho, *Let the Buyer or Seller Beware: Measuring Lemons in the Housing Market under Different Doctrines of Law Governing Transactions and Information*, The Journal of Law & Economics , Vol. 54, No. 4,2011, p.348, https://www.jstor.org/stable/10.1086/661941.

र जिम्मेवार बनाइनु पर्दछ (Caveat Venditor- Let the Seller Beware)[10] भन्ने मान्यता विकास भएको र विश्वका प्रायः सबै आर्थिक, सामाजिक तथा कानूनी प्रणालीले यो मान्यतालाई अंगिकार गरेको पाइन्छ।

२१. वस्तुतः बेलायतमा Lord Atkin ले सन् १९३२ मा Donoghue *v.* Stevenson को मुद्दामा[11] उत्पादित वस्तुले उपभोक्ताको स्वास्थ्य वा जीउ ज्यान सम्पत्तिमा क्षति पुर्‍याएमा विक्रेता स्वयम जिम्मेवार हुनपर्ने भनी गरेको व्याख्या तथा प्रतिपादित सिद्धान्तलाई उपभोक्ता हित संरक्षण सम्बन्धी विधिशास्त्रको विकासको महत्वपूर्ण आधारका रुपमा लिने गरिन्छ। उक्त निर्णयले गुणस्तरीय वस्तु तथा सेवा पाउने उपभोक्ताको अधिकारलाई वैधानिक रुपमा स्थापित गर्न र यसमा राज्य संयन्त्रलाई जिम्मेवार बनाउन महत्वपूर्ण आधारविन्दु सृजना गरेको मानिन्छ। उपभोक्ता विधिशास्त्रमा प्रचलनमा रहेका विक्रेताको जिम्मेवारीको सिद्धान्त (Caveat de Venditor); उपभोक्ताको सर्वोच्चताको सिद्धान्त र उपभोक्तालाई गरिनुपर्ने सम्मानको सिद्धान्त लगायतका कैयौं सैद्धान्तिक मान्यताहरु पनि उल्लिखित निर्णयमा आधारित भएको देखिन्छ।

२२. उपभोक्ता विधिशास्त्रको उल्लिखित अवधारणागत विकास पश्चिमा समाज/कानून प्रणालीबाट भएको देखिए तापनि पूर्वीय दर्शनमा धेरै अगाडिदेखि कायम रहेका आर्थिक, सामाजिक, नैतिक तथा दार्शनिक मूल्य मान्यतालाई समेत उपभोक्ता हकहित संरक्षणको कोणबाट हेर्ने पर्याप्त आधारहरु पाउन सकिन्छ। मनुस्मृतिमा उल्लेख भएको मिसावट गरेको वस्तु बेच्न नहुने, बालक, बृद्ध र अशक्त व्यक्तिसँग करार गर्न नहुने[12] तथा कौटिल्यको अर्थशास्त्रमा उल्लिखित व्यापारको अनुगमन र नियमन गर्ने तथा उपभोक्ता विरुद्धको अपराध रोक्ने दायित्व राज्यको हुने समेतका विषय आदिलाई उपभोक्ता हक, हित संरक्षणमा पूर्विय दर्शनका आधारभूत मान्यताका रुपमा लिन सकिन्छ। नेपालमा

---

[10] ...Under the doctrine of "let the seller beware," or caveat venditor, sellers are liable for nondisclosure and the defects sold. Under this rule, the buyer may have less incentive to inspect the product and hence may allow the seller an opportunity to stay silent on the adverse attributes if he expects that full damages may not be demanded eventually (De Alessi 1994). हेर्नुहोस्:- ऐ.ऐ.

[11] Donoghue *v.* Stevenson [1932] A.C. 562 (26 May 1932).

[12] पण्डित श्री हरगोविन्द शास्त्री, *मनुस्मृतिः सविमर्शः मणिप्रभा*, चौखम्बा संस्कृत सीरिज अफिस, वाराणसी, २०३३।

राजा जयस्थिति मल्लले बनाएको मानवन्यायशास्त्र[13], गोर्खाका राजा रामशाह (वि.सं. १६६३-१६९३) ले चलाएको स्थिति[14] आदि प्रबन्ध लोकको हक, हित र सुविधाको लागि महत्वपूर्ण देखिन आउँदा यसलाई उपभोक्ता हक हित संरक्षण सम्बन्धी तत्कालीन कानूनी व्यवस्थाका रुपमा लिन सकिन्छ। यस्तै, वि.सं. १९१० सालमा जारी गरेको मुलुकी ऐन[15] तथा मुलुकी ऐन, (२०२०) मा भएका ठगीको, खोटा चलनको, इलाज गर्नेको आदि महलमा भएका विभिन्न व्यवस्थाले उपभोक्ता हक हित संरक्षणका सम्बन्धमा प्रत्यक्ष सरोकार राखेको पाइन्छ। तथापि, झण्डै सात आठ दशक अगाडिसम्म पनि नेपाल निर्वाहमुखी अर्थतन्त्रबाट गुज्रिरहेको र बाह्य बजार प्रणालीसँग सघन अन्तरक्रिया हुन नसकेको स्थिति हुँदा वर्तमान सन्दर्भमा जस्तो उपभोक्ता हक हित संरक्षणको विषय ज्वलन्त रुपमा उजागर भैसकेको अवस्था थिएन। नेपालमा उपभोक्ताको हक अधिकार संरक्षणका लागि विशेष र एकीकृत कानूनको रुपमा पहिलोपटक उपभोक्ता संरक्षण ऐन, २०५४ र उपभोक्ता संरक्षण नियमावली, २०५६ लागू भएकोमा उक्त ऐनलाई खारेज गरी हाल उपभोक्ता संरक्षण ऐन, २०७५ लागू भएको देखिन्छ। यस सन्दर्भमा स्मरणीय पक्ष के छ भने माथिका प्रकरणहरुमा विश्लेषण गरे अनुरुप नै उपभोक्ता हक हितको विषय ज्यादै व्यापक प्रकृतिको हुने भएकाले यसलाई उपभोक्ता संरक्षण ऐन, २०७५ मा मात्र सिमित गरी हेर्नु पर्याप्त हुँदैन। वस्तु र सेवाको खरिद, विक्री तथा बजार प्रकृयासँग सम्बन्धित अन्य कतिपय ऐन, नियम समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन आउँछः

---

[13] मानवन्यायाशास्त्र राजा जयस्थिति मल्लाद्वारा वि.सं. १४३६ मा बनाउन लगाइएको कानून हो। यसमा, विक्रेताले क्रेतालाई कमसल सामान भिडाएमा दोब्बर मूल्य भराई दिनू र त्यत्ति नै जरिवाना पनि गर्नू भन्ने स्थिति बन्देज भएको पाइन्छ। हेर्नुहोस्:- न्यायविकासिनी (मानवन्यायशास्त्र), कानून सहप्रकाशन, कानून व्यवसायी क्लब, काठमाडौं, २०६५, क्र.सं. २१२, https://lawcommission.gov.np/np/wp-content/uploads/2021/02/जयस्थिति-मल्लद्वारा-वि.सं.-१४३६-मा-बनाउन-लगाइएको-कानून.pdf.

[14] दश लालको एक मासा, दश मासाको एक तोला, अठार लालको एक पाउ, दुई बिसौलीको एक धार्नी, दश मुठीको एक माना, आठ मानाको एक पाथी र बीस पाथीको एक मुरी चलन गर्नू; माना पाथीमा छाप लगाउनू; ढकमा छाप लगाउनू हेर्नुहोस्:- प्रा.डा. जगदीशचन्द्र रेग्मी, *नेपालको वैधानिक परम्परा,* तन्नेरी प्रकाशन, काठमाडौं, २०३६।

[15] उदाहरणको लागि इलाजको महलमा औषधी इलाज गर्न पाउनेले मात्र कायदा माफिकसँग औषधी चिरफार गर्न पाउने व्यवस्था; खोटा चलनको महलमा चास्नी र तौलमा घटाई कसर नाफा गरी खानेलाई बिगो बुझी दण्ड गर्नू भन्ने आदि।

**<u>क) उपभोक्ता संरक्षण ऐन, २०५४ आउनु पूर्वका ऐनहरु:</u>**

- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- आवश्यक सेवा सञ्चालन ऐन, २०१४
- रेडियो ऐन, २०१४
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- खाद्य ऐन, २०२३
- होटल व्यवस्था तथा मदिराको विक्री वितरण (नियन्त्रण) ऐन, २०२३
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५
- कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- औषधी ऐन, २०३५
- नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७
- आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९
- बिमा ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- दूर सञ्चार ऐन, २०५३
- नागरिक उडयन प्राधिकरण ऐन, २०५३ आदि।

**<u>ख) उपभोक्ता संरक्षण ऐन, २०५४ आए पश्चात्का तथा उपभोक्ता संरक्षण ऐन, २०७५ आउनु पूर्वका ऐनहरु:</u>**

- पशु वधशाला र मासु जाँच ऐन, २०५५

- सडक बोर्ड ऐन, २०५८,
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४
- विद्युत नियमन आयोग ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आदि।

ग) उपभोक्ता संरक्षण ऐन, २०७५ आए पश्चात्का ऐनहरु:

- जनस्वास्थ्य ऐन, २०७५
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५
- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६
- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६
- सेफगार्ड्स, एन्टी-डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग ऐन, २०७६ आदि।

२३. उल्लिखित सूचीमा केही सान्दर्भिक ऐनहरुको नाम मात्र उल्लेख गरिएको हो। वस्तुतः बजार प्रकृयामा प्रविधिको बढ्दो प्रयोग (E-commerce) र विश्वव्यापीकरण जस्ता वैश्विक यथार्थताले उपभोक्ताको अधिकारलाई दिन प्रतिदिन अझै जोखिममा धकेलिरहेको

पाइन्छ। यसै सन्दर्भमा उपभोक्ता हक हित संरक्षण र सम्बर्द्धनका लागि नेपालले विविध संवैधानिक तथा कानूनी प्रबन्धहरु गरेको तथ्य बोधगम्य छ।

२४. अब उपभोक्ता हक हित सम्बन्धी नेपालको संवैधानिक तथा कानूनी व्यवस्था हेर्दा नेपालको संविधान जारी गर्नुको एक प्रमुख उद्धेश्य समतामूलक समाजको निर्माण गर्नु रहेको संविधानको प्रस्तावनाबाट स्पष्ट हुन्छ। सोका लागि आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्यायको सुनिश्चितता अपरिहार्य छ। संविधानमा प्रत्याभूत विभिन्न मौलिक हक अधिकार तथा शोषणरहित, न्यायपूर्ण र लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने राज्यका निर्देशक सिद्धान्त, नीति लगायतका व्यवस्थालाई पनि उपभोक्ता हक हित सम्बन्धी सैद्धान्तिक तथा दार्शनिक पक्षको आलोकमा हेरिनु आवश्यक हुन्छ। वस्तुतः आर्थिक, सामाजिक दृष्टिले पछाडी परेका वा स्रोत साधनमा पहुँच नभएका र गुणस्तरिय जीवन बिताउन सक्ने हैसियतमा नभएका व्यक्ति (उपभोक्ता) हरुको हक हित संरक्षण र सम्बर्द्धन नभएमा उल्लिखित संवैधानिक दायित्वको परिपालना भएको भनी मान्न सकिने अवस्था रहँदैन। शोषणरहित र न्यायपूर्ण समाजको सृजना गर्ने विहङ्गम संवैधानिक परिकल्पनाभित्र उपभोक्ताको हक हितको संरक्षणको अवधारणा समेत अन्तरनिहित भएको देखिन्छ।

२५. संविधान वा कानूनको उद्देश्य जनताको सर्वोपरी हक हित संरक्षण गर्नु (Salus Populi Suprema Lex)[16] हो। नेपालको संविधानको भाग ३ मा व्यवस्थित शिक्षा सम्बन्धी हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, स्वच्छ वातावरणको हक लगायतका आर्थिक, सामाजिक हकलाई मौलिक हकका रुपमा र भाग ४ मा समाजको आर्थिक सामाजिक रुपान्तरणको विविध विषयहरुलाई राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुमा समाहित गरेको विषय अन्ततः उपभोक्ता हक हितको विषयसँग जोडिएको स्पष्ट छ।

---

[16] "The welfare of the people is the supreme law…" हेर्नुहोस्:- Pritam Pal *v.* High Court of Madhya Pradesh, 1992 AIR 904, 1992 SCR (2) 864.

२६. विश्वका कतिपय देशले संविधानमा नै उपभोक्ता हकलाई मौलिक हकका रुपमा समेटेको देखिन्छ।[17] यस कोटीमा नेपालको संविधान समेत रहेको छ। नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको हकलाई मौलिक हकको रुपमा राखिएको छ। जुन देहाय बमोजिम छः-

> **"<u>४४. उपभोक्ताको हक:</u> (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ।**
>
> **(२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।"**

२७. उल्लिखित संवैधानिक व्यवस्थाले माथिका प्रकरणमा चर्चा गरिएको सूचनाको अधिकार, गुणस्तरीय वस्तु तथा सेवामा पहुँचको अधिकार, छनौटको अधिकार लगायत गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेमा कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेतका उपभोक्ता हकका सबै आयामहरुलाई समेटेको हुँदा उपभोक्ताको हकलाई संविधानमा मौलिक हकका रुपमा राख्नुको धेरै ठूलो विधिशास्त्रीय महत्व बोध हुन्छ। यस अतिरिक्त, संविधानको धारा ५१(घ) को देहाय (४) मा उल्लिखित आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेही र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गिण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने तथा ऐ. देहाय (७) मा उल्लिखित कालाबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको

---

[17] उदाहरणको लागि हेर्नुहोस्:-

**Article 46 of the Constitution of Kenya:**

"46. Consumer rights

1. Consumers have the right-
   a. to goods and services of reasonable quality;
   b. to the information necessary for them to gain full benefit from goods and services;
   c. to the protection of their health, safety, and economic interests; and
   d. to compensation for loss or injury arising from defects in goods or services.
2. Parliament shall enact legislation to provide for consumer protection and for fair, honest and decent advertising.
3. This Article applies to goods and services offered by public entities or private persons.

**Article 5 XXXII of the Constitution of Brazil:**

...the state shall provide, as set forth by law, for the defense of consumers.

अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने भन्ने व्यवस्थाले संविधानको धारा ४४ द्वारा प्रदत्त उपभोक्ता हकलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि राज्यले तदनुरुपको नीति, नियम र कानूनी व्यवस्था अवलम्बन गर्नुपर्ने दिशानिर्देश गरेको देखिन आउँछ।

२८. नेपालको संविधानले प्रत्याभूत गरेको उल्लिखित उपभोक्ताको हक सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि विशेष ऐनको रुपमा उपभोक्ता संरक्षण ऐन, २०७५ जारी हुनुलाई उपभोक्ता हक संरक्षणको सवालमा अर्को महत्वपूर्ण उपलब्धीका रुपमा मान्न सकिन्छ। यद्यपि, ऐन जारी भएर मात्र सो ऐनको उद्धेश्य प्राप्त हुने होइन, यसका लागि ऐनको प्रभावकारी कार्यान्वयन आवश्यक हुन्छ। तथापि, सो ऐनको प्रस्तावनाले नै गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने तथा गुणस्तरहिन वस्तु वा सेवाबाट उपभोक्तालाई हानी पुगेमा सो बापत क्षतिपूर्ति प्राप्त गर्ने उपभोक्ताको हक प्रचलन गराउने जुन उद्देश्य लिएको छ, उपभोक्ता हित संरक्षणका सन्दर्भमा त्यसको दुरगामी महत्व रहेको देखिन्छ। ऐनको प्रस्तावनाको केही अंश यसप्रकार रहेको छः

> ***"गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानी, नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराउन..."***[18]

२९. यसैगरी, उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३ ले उपभोक्ताको हक अन्तर्गत समेटिने अधिकारलाई देहाय बमोजिम विस्तृत रुपमा उल्लेखन गरेको देखिन्छः-

> **"<u>दफा ३. उपभोक्ताको अधिकारः</u> (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।**

[18] उपभोक्ता संरक्षण ऐन, २०७५, प्रस्तावना।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक, पैठारीकर्ता वा बिक्रेताबाट जानकारी पाउने अधिकार,

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उचित कानूनी कारवाही गराउन पाउने अधिकार,

(छ) वस्तु वा सेवाको प्रयोगबाट भएको हानी, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(ज) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकारप्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाई हुने अधिकार,

(झ) उपभोक्ता शिक्षा पाउने अधिकार।"

३०. उल्लिखित अधिकारको सूची हेर्दा, उपभोक्ताको अधिकार अन्तर्गत वस्तु वा सेवामा सहज पँहुचदेखि सोको मूल्य परिणाम, गुणस्तर लगायतका विषयमा सुसूचित हुने, त्यस्तो वस्तु

वा सेवा प्रतिस्पर्धात्मक मूल्यमा छनौट गर्न पाउने, अनुचित व्यापारिक अभ्यास र वस्तु वा सेवाको प्रयोगबाट भएको हानी विरुद्ध क्षतिपूर्ति पाउने लगायतका व्यापक र सार्वभौम अधिकार समावेश भएको देखिन्छ। ऐनको प्रस्तावना तथा उल्लिखित अधिकारको सूची हेर्दा संविधानमा प्रत्याभूत मौलिक हकको कार्यान्वयनमा राज्य व्यवस्थालाई जिम्मेवार बनाउने संवैधानिक दायित्व अनुरुप नै उल्लिखित कानूनी व्यवस्था गरिएको स्पष्ट हुन्छ। वस्तुतः उपभोक्ता हित संरक्षणको दायित्वबाट राज्य विमुख हुन सक्दैन। उपभोक्ता हक हित सम्बन्धी संविधान तथा कानून प्रदत्त हक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि नै वि.सं. २०५४ मा जारी उपभोक्ता संरक्षण ऐन खारेज गरी उपभोक्ता अदालत गठन गर्ने लगायत ऐनका प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संरचनात्मक व्यवस्था सहित उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको सन्दर्भमा प्रस्तुत निवेदनमा दावी गरिएको उपभोक्ता अदालतको गठनको विषयलाई समेत सोही रुपमा हेर्नुपर्ने देखिन आयो।

३१. तथापि, उपभोक्ता अदालत गठन सम्बन्धी विषय प्रवेश गर्नुपूर्व उपभोक्ता हकहित सम्बन्धमा यस अदालतबाट गरिएको कानूनको व्याख्या तथा प्रतिपादित सिद्धान्तमा दृष्टिपात गर्न समेत सान्दर्भिक देखिन आयो।

३२. **अब उपभोक्ता हक हित सम्बन्धी कानूनको व्याख्यामा यस अदालतबाट के कस्तो दृष्टिकोण विकास भएको छ** भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, नेपालको सन्दर्भमा उपभोक्ता संरक्षण सम्बन्धी सचेतना र अवधारणागत विकास राम्रोसँग भैनसकेको र यस सम्बन्धी एकीकृत कानून समेत जारी भैनसकेको अवस्थामा समेत यस अदालतले आफ्नो स्थापनाको प्रारम्भिक चरणदेखि नै विभिन्न मुद्दामा सान्दर्भिक कानूनको व्याख्या गरी न्यायिक सिद्धान्त प्रतिपादन गरेको देखिन्छ। यस अदालतबाट समयमा नै अन्नको खर्च भएको विवरण नदिएमा बढी अन्न राखेको ठहर्ने[19] भनी वि.सं. २०१७ सालमा अन्न भण्डारको वेमनासिब जम्माखोरी विरुद्ध कानूनी कारवाही गर्न मिल्ने भनी गरेको व्याख्या

[19] चन्द्र कुमारी श्रेष्ठनी *वि.* सरकार (ने.का.प. २०१७, अङ्क २, नि.नं. ९२)।

उपभोक्ता हक संरक्षणका सन्दर्भमा उल्लेखनीय मान्न सकिन्छ। अपितु यस अदालतबाट प्रतिपादित सिद्धान्तहरु हेर्दा मूलतः कमसल वा गुणस्तरहिन वस्तु वा सेवाको प्रयोगबाट उपभोक्तालाई हुन गएको क्षती बापत सम्बन्धित कानूनी व्यवस्था बमोजिम क्षतिपूरण गरी दिनुपर्ने र उक्त क्षतिपूर्तिको दायित्वबाट वस्तु वा सेवा प्रदायकले उन्मुक्ति पाउन नसक्ने भन्नेमा नै केन्द्रित देखिन आउँछ। वादीले ढलानमा प्रयोग गरेको सिमेन्ट नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्राप्त परीक्षण प्रतिवेदनबाट नेपाल गुणस्तर भन्दा तल्लोस्तरको देखिएको भनी प्रमाणित भइरहेको स्थितिमा वादीले प्रतिवादीबाट क्षतिपूर्ति माग गरेको विषयलाई बेमनासिब भन्न मिलेन भनी पूर्ण इजलासबाट कमसल गुणस्तरको वस्तुको प्रयोगबाट उपभोक्तालाई पर्न गएको क्षतिको क्षतिपूर्ति भराई दिनुपर्ने[20] न्यायिक सिद्धान्त प्रतिपादन भएको पाइन्छ। यस्तै विषयसँग सम्बन्धित *अधिवक्ता कञ्चनकृष्ण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*[21] भएको मुद्दामा उपभोक्ताको हित, आम जनस्वास्थ्य र वातावरणीय स्वच्छता समेतका लागि सिमेन्टको प्याकिङ तथा उत्पादन, भण्डारण, ओसारपसार तथा विक्री वितरण लेमिनेसन गर्ने सम्बन्धमा निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्न समेत परमादेश जारी भएको पाइन्छ।

३३. यस अदालतबाट पटकपटक व्याख्या भएको उपभोक्ता हित संरक्षण सम्बन्धी अर्को महत्वपूर्ण विषय स्वास्थ्य सेवासँग (Health/Medical service) सम्बन्धित देखिन्छ। *डा. दिनेश विक्रम शाह वि. सिर्जना के.सी. समेत*[22] भएको मुद्दामा यस अदालतबाट डाक्टर, अस्पताल वा क्लिनिकबाट प्राप्त हुने सेवालाई उपभोक्ता संरक्षण ऐन, २०५४ को प्रयोजनका लागि दफा २(ङ) मा परिभाषित सेवाको रुपमा व्याख्या गरी कुनै क्लिनिकमा बसी डाक्टरहरु मार्फत सेवा प्रदान गरेको अवस्थामा क्लिनिकले आफ्नो जिम्मेवारी नभएको भनी सजायबाट उन्मुक्ति प्राप्त गर्न नसक्ने भनी प्रतिपादित सिद्धान्त महत्वपूर्ण छ। यसैगरी उल्लिखित विषयसँग सान्दर्भिक अर्को एक मुद्दामा चिकित्सकले गलत सेवा

[20] हिमाल सिमेन्ट कम्पनी समेत *वि.* ध्रुवबहादुर कार्की (ने.का.प. २०५८, अङ्क ११/१२, नि.नं. ७०४६)।

[21] ने.का.प. २०७५, अङ्क १०, नि.नं. १०१२५।

[22] ने.का.प. २०६६, अङ्क ११, नि.नं. ८२६२।

प्रदान गरेको वा लापरवाहीपूर्ण कार्य गरेको कारणबाट उपभोक्तालाई असर वा हानी नोक्सानीको पुग्न गएको अवस्थामा क्षतिपूर्ति पाउनु पीडित उपभोक्ताको कानूनी अधिकार हो। कुनै चिकित्सकले लापरवाही तथा गलत सेवाप्रदान गरी उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति भराउने कानूनी व्यवस्था सहित उपभोक्ता संरक्षण ऐन जारी भएको[23] भन्ने लगायतका अन्य विभिन्न मुद्दामा[24] समेत चिकित्सकीय लापरवाहीमा क्षतिपूर्ति पाउने हकलाई कार्यान्वयन गर्न आवश्यक आदेश दिएको पाइन्छ।

३४. सार्वजनिक यातायात सेवाका विविध विषयमा समेत यस अदालतले उपभोक्ता हक संरक्षण गर्न राज्यका निकायलाई जिम्मेवार बनाउनेतर्फ विभिन्न मुद्दामा सम्बन्धित कानूनको व्याख्या गरी सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। *सिद्धबाबा यातायात प्रा.लि. समेत वि.*

---

[23] प्रा.डा. बुलन्द थापा *वि.* सुष्मा थापा (ने.का.प. २०७४, अङ्क ५, नि.नं. ९८१४)।

[24]क) **उपभोक्ता हित संरक्षण मञ्च नेपाल समेत *वि.* चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान समेत (ने.का.प. २०७५, अङ्क २, नि.नं. ९९५७)** "नागरिकको औषधी सम्मको पहुँचको अधिकार नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हककै एउटा पाटो भएकोले नागरिकलाई स्वास्थ्य सम्बन्धी अधिकारको प्रत्याभूत गर्नको लागि राज्यले औषधीको बिक्री वितरणलाई सहज, प्रभावकारी र सर्वसुलभ बनाउन अस्पताल आफैले औषधी पसल (फार्मेसी) सञ्चालन गरी नागरिकलाई अतिरिक्त मुल्य तिर्नु नपर्ने गरी आवश्यक व्यवस्था मिलाउनु भनी आदेश दिएको छ"।

ख) **राजिया खातुन *वि.* डा. प्रमोद पौडेल समेत (ने.का.प. २०७५, अङ्क ७, नि.नं. १००६१)** "चिकित्सकिय सेवा (Medical Service) लाई आधारभूत सेवाका रुपमा स्वीकार गरी विरामीले आफ्नो रोगको बारेमा सही सूचना पाउने र अमुक सेवा लिने वा नलिने भन्ने विषयमा आत्मनिर्णयको हक हुने भनी व्याख्या गर्नुका साथै गम्भीर चिकित्सकिय लापरवाही देखिएको अवस्थामा देवानी दायित्व अन्तरगत क्षतिपूर्ति भराई दिनुका साथै दोषीले फौजदारी कानून अन्तरगतको दायित्व समेत बहन गर्नुपर्ने" भनी उल्लेख भएको पाइन्छ।

ग)**अधिवक्ता दल बहादुर धामी *वि.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत** भएको ०६९-WO-०२०२ को उत्प्रेषण समेतको रिट निवेदनमा "खोपमा प्रदुषित भायलको प्रयोग भई बालबालिकाको ज्यान समेत गएको भन्ने विषयवस्तु रहेको प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७५।०३।१४ मा अन्तिम आदेश गर्दा, राज्यका अधिकारीहरुको असावधानी र गैरजिम्मेवार कार्यका कारण निर्दोष बालबालिकाको ज्यान गएको देखिएकोले तीन महिनाभित्र मृतक बालबालिकाहरुको अभिभावकलाई जनही १० लाख रुपैयाँ क्षतिपूर्ति दिलाई विरामीलाई निःशुल्क उपचार गर्नू भन्ने समेत परमादेशको आदेश जारी भएको पाइन्छ। यसका अतिरिक्त उक्त आदेशमा खोप तथा औषधीको यथोचित परीक्षण, प्रभावकारी अनुगमन गर्न र खोप तथा औषधीको कारण कुनै हानी नोक्सानी परेमा निःशुल्क उपचार र उचित क्षतिपूर्तिको प्रबन्ध गर्न" निर्देशनात्मक आदेश जारी भएको अवस्था छ।

*भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय*[25] भएको मुद्दामा "सर्वसुलभ, स्वच्छ र गुणस्तरीय प्रतिस्पर्धाका आधारमा सञ्चालन गर्ने सार्वजनिक यातायात सेवालाई संविधान र कानून प्रदत्त अधिकारलाई कुण्ठित गर्दै बजारलाई एकाधिकार कायम गरी उपभोक्तालाई जबरजस्ती सेवा लिन बाध्य पार्न सक्ने अधिकार कसैलाई नरहने" भनी प्रतिपादित सिद्धान्तले सार्वजनिक यातायातलाई स्वच्छ र प्रतिश्पर्धी बनाई उपभोक्तालाई मारमा पर्न नदिन महत्वपूर्ण देखिन्छ। यस बाहेक सार्वजनिक यातायात सेवा र उपभोक्ता हक हितका सम्बन्धमा यस अदालतले अन्य विभिन्न मुद्दामा[26] समेत व्याख्या गरेको पाइन्छ।

३५. यसप्रकार यस अदालतबाट गरिएको कानूनको व्याख्या र प्रतिपादित सिद्धान्त हेर्दा उपभोक्ता हक संरक्षण सम्बन्धी संवैधानिक वा कानूनी व्यवस्था पूर्व पनि यस अदालत उपभोक्ता हकका सम्बन्धमा संवेदनशील बनी गुणस्तरीय वस्तु र सेवा स्वच्छ र प्रतिष्पर्धात्मक मूल्यमा उपभोक्ताले प्राप्त गर्नु उपभोक्ताको आधारभूत अधिकार हो भन्नेमा स्पष्ट देखिंन्छ। यसबाट वस्तु वा सेवा गुणस्तरीय नभएमा सो को विरुद्ध उपचार खोज्ने

---

[25] ने.का.प. २०७५, अङ्क १, नि.नं. ९९२६।

[26] क) उपभोक्ता हित संरक्षण मञ्च नेपाल समेत *वि.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०७४, अङ्क १२, नि.नं. ९९२० "यातायात सेवा पनि उपभोक्ताले प्राप्त गर्ने एउटा सेवा हो। तसर्थ, यो सेवा पनि हरेक दृष्टिबाट गुणस्तरीय हुनु आवश्यक छ। सेवा गुणस्तरीय नभएमा सोको विरूद्ध उपचार खोज्ने र क्षतिपूर्ति समेत पाउने हक हरेक उपभोक्तालाई रहने भनी न्यायिक सिद्धान्त प्रतिपादन भएको पाइन्छ"।

ख) यत्ति एयरलाइन्स प्रा.लि. *वि.* घमराज लुइँटेक (ने.का.प. २०७५, अङ्क ४, नि.नं. ९९८९) "प्रस्तुत मुद्दामा हवाई सेवालाई उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २(ङ) अन्तरगतको सेवाको रुपमा स्वीकार गरी हवाई यातायात सेवा नेपालको लागि आधारभूत र अत्यावश्यक सेवा अन्तरगत पर्ने भएकोले यस्तो सेवाको गुणस्तरको निर्धारण हुनुपर्ने र सेवा प्रदायक संस्थाले मनासिब कारण बाहेक लापरवाहीपूर्वक उडान तालिका परिवर्तन गरी उडानको निर्धारित तालिका विपरीत उडान गर्दा त्यसको परिणाम उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा सेवा प्रदायक संस्थाले क्षतिपूर्तिको दायित्व बहन गर्नुपर्ने भनी उल्लेख भएको पाइन्छ"।

ग) अधिवक्ता तुलसी सिंखडा समेत *वि.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०७५, अङ्क ११, नि.नं. १०१२९) "लामो दुरीका सवारी साधन सञ्चालन सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐनले निर्धारण गरेको मापदण्ड पूरा नगरी त्यस्ता सवारी साधन सञ्चालन गर्नु उपभोक्ता हितको विपरीत हुनुका साथै सवारी चालकले कानूनले निर्धारण गरेको समयावधि भन्दा बढी काम गर्दा लामो दुरीको सवारी साधनको यात्रा दिनानुदिन जोखिमपूर्ण एवं लापरवाहीपूर्ण भइरहेकोले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को प्रभावकारी कार्यान्वयनका लागि निर्देशनात्मक आदेश जारी भएको पाइन्छ"।

र क्षतिपूर्ति पाउने हक समेत उपभोक्ता निहित रहने हुनाले उपभोक्ता हक हित संरक्षणका लागि आवश्यक कानूनी व्यवस्थाको कार्यान्वयनका सम्बन्धमा यो अदालत उदासिन बन्न सक्ने अवस्था देखिंदैन। उपभोक्ता संरक्षणको सन्दर्भमा अदालतबाट उपभोक्ताको हकहित तथा अधिकारलाई महत्वकासाथ लिनुपर्ने देखिन आयो।

३६. अब तेस्रो अर्थात् **अन्य मुलुकको कानूनी व्यवस्था, अदालतको फैसला तथा अन्तरराष्ट्रिय कानूनको तुलनात्मक अध्ययनबाट उपभोक्ता अधिकारको संरक्षण र सम्बर्द्धनका सन्दर्भमा के कस्तो दृष्टिकोण विकास भएको पाइन्छ** भन्ने प्रश्नका सम्बन्धमा हेर्दा, विश्वका कतिपय मुलुकले नेपालको संविधान जस्तै उपभोक्ताको हकलाई संविधानमा नै मौलिक हकका रुपमा समावेश गरेको विषय माथि चर्चा भैसकेको छ। अन्य कतिपय मुलुकमा मौलिक हकका रुपमा नभए तापनि अन्य संवैधानिक व्यवस्था, कानून तथा अदालतका आदेशद्वारा उपभोक्ता हक हित सम्बन्धी सरोकारहरु संबोधन भएको देखिन आउँछ।

३७. यस सम्बन्धमा भारतीय कानूनी व्यवस्था हेर्दा, भारतको संविधानले नेपालको जस्तो उपभोक्ता हकलाई मौलिक हकका रुपमा नै संरक्षण प्रदान गरेको त देखिँदैन। तथापि भारतको संविधानको भाग- ४ मा भएका राज्यको नीति र निर्देशक सिद्धान्तहरुमा उल्लेख भएको राज्यको स्रोत साधनको न्यायोचित वितरण[27], शोषणको अन्त्य[28] र सामाजिक न्यायको सुनिश्चितता गर्नुपर्ने[29] जस्ता व्यवस्थाले उपभोक्ता अधिकारको संरक्षणमा राज्यको दायित्वलाई निर्देश गरेको पाउन सकिन्छ। भारतमा उपभोक्ता हक उल्लंघनका विषयलाई लामो समयदेखि Indian Penal Code लगायतका विषयगत कानूनबाट नियमन गरेको देखिएकोमा सन १९८६ मा छुट्टै एकीकृत ऐनका रुपमा The

[27] The constitution of India, Article 39 "The State shall, in particular, direct its policy towards securing—(a) that the citizens, men and women equally, have the right to an adequate means of livelihood; (b) that the ownership and control of the material resources of the community are so distributed as best to sub serve the common good."

[28] Ibid Article 46 "The State shall promote with special care the educational and economic interests of the weaker sections of the people, and, in particular, of the Scheduled Castes and the Scheduled Tribes, and shall protect them from social injustice and all forms of exploitation." See Article 47 The State shall regard the raising of the level of nutrition and the standard of living of its people and the improvement of public health as among its primary duties and, in particular, the State shall endeavor to bring about prohibition of the consumption except for medicinal purposes of intoxicating drinks and of drugs which are injurious to health.

[29] Ibid Article 38(1) "The State shall strive to promote the welfare of the people by securing and protecting as effectively as it may a social order in which justice, social, economic and political, shall inform all the institutions of the national life".

Consumer Protection Act, 1986 जारी भएको देखिन्छ। उक्त ऐनले उपभोक्ताको अधिकार संरक्षणका लागि केन्द्र, राज्य र जिल्ला स्तरमा उपभोक्ता संरक्षण परिषद्[30] र विवाद निरुपण संयन्त्रका रुपमा जिल्ला तहमा जिल्ला न्यायाधीश वा जिल्ला न्यायाधीश भैसकेको वा हुने योग्यता पुगेको व्यक्तिको अध्यक्षतामा, प्रदेश तहमा उच्च अदालतको न्यायाधीश वा उच्च अदालतको न्यायाधीश भैसकेको व्यक्ति र केन्द्रीय तहमा सर्वोच्च अदालतको न्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भैसकेको व्यक्तिको अध्यक्षतामा उपभोक्ता विवाद समाधान आयोग (National Consumer Disputes Redressal Forum also known as Commission) गठन गरी बिगोको आधारमा क्षेत्राधिकार ग्रहण गरी उजूरी सुन्ने र निर्णय गर्ने व्यवस्था भएकोमा[31] Consumer Protection Act,2019 ले सो ऐनलाई प्रतिस्थापन गरेको देखिए तापनि विवाद निरुपण सम्बन्धी पूर्ववर्ती ऐनको व्यवस्थालाई आवश्यक परिमार्जन सहित[32] निरन्तरता दिएको पाइन्छ। उक्त ऐनले उपभोक्ता अधिकारको दायरालाई विस्तृतिकरण गर्दै वस्तु वा सेवाको मुल्य र गुणस्तर आदि बारेमा जानकारी प्राप्त गर्ने, जीउ ज्यान र सम्पत्तिमा जोखिम पुग्ने वस्तु वा सेवाबाट सुरक्षित रहने लगायत छनौटको अधिकार, प्रतिनिधित्वको अधिकार, सुनुवाईको अधिकार, क्षतिपूर्ति पाउने हक आदिलाई उपभोक्ता हकको[33] रुपमा परिभाषित गरेको र सो अधिकारको उल्लंघनमा कैद, जरिवाना र क्षतिपूर्तिको सजाय तोकेको देखिन्छ[34]।

---

[30] The Consumer Protection Act, 1986 Chapter II Consumer Protection Council.

[31] Ibid, Chapter III Consumer Disputes Redressal Agencies.

[32] सो ऐनमा Commission का प्रमुख र अन्य आयुक्तहरुको नियुक्ति र सेवाका शर्त आदि सरकारले तोके बमोजिम हुने व्यवस्था छ। विस्तृत जानकारीका लागि हेर्नुहोस्:- Chapter-iv साथै, उक्त ऐनले उपभोक्ता विवाद निरुपण आयोगमा "Mediation Cell" समेत अनिवार्य रहनु पर्ने व्यवस्था गरेको छ। विस्तृत जानकारीका लागि हेर्नुहोस्:- Chapter v.

[33] The Consumer Protection Act,2019 Section 2(9) "consumer rights" includes,-- (i) the right to be protected against the marketing of goods, products or services which are hazardous to life and property;(ii) the right to be informed about the quality, quantity, potency, purity, standard and price of goods, products or services, as the case may be, so as to protect the consumer against unfair trade practices;(iii) the right to be assured, wherever possible, access to a variety of goods, products or services at competitive prices; (iv) the right to be heard and to be assured that consumer's interests will receive due consideration at appropriate for a; (v) the right to seek redressal against unfair trade practice or restrictive trade practices or unscrupulous exploitation of consumers; and (vi) the right to consumer awareness."

[34] Ibid Chapter VII "Offence and Penalties".

३८. भारतीय अदालतले उपभोक्ता हक संरक्षणका सन्दर्भमा गरेको कानूनको व्याख्या हेर्दा खाद्य पदार्थमा मिसावट, भ्रामक विज्ञापन, अस्वस्थ व्यापारिक अभ्यास, चिकित्सकीय लापरवाही लगायत शिक्षा, स्वास्थ्य र वातावरण लगायत जनसरोकारका विविध विषयमा उपभोक्ता अधिकारको व्याख्या गरी यसलाई मर्यादित जीवन र स्वतन्त्रताको संरक्षणका लागि आवश्यक भनी व्याख्या गरेको पाइन्छ। उदाहरणको लागि कर्नाटक उच्च अदालतले विश्वविद्यालयले समयमा भर्ना नगरेको र गैरकानूनी रुपमा अभिभावकबाट लिएको रकम फिर्ता नगरेको विषयमा कलेजको भर्ना प्रकृयालाई अपारदर्शी र गैरजिम्मेवार ठहर गरी सोबाट विद्यार्थीको एक शैक्षिक वर्ष खेर गएको भनी विद्यार्थी र अभिभावकलाई पुग्न गएको आर्थिक, भौतिक, मानसिक क्षति बापत प्रत्येक विद्यार्थीलाई जनही १ करोड रुपैयाँ क्षतिपूर्ति भराइदिने भनी गरेको आदेश[35], महाराष्ट्र विद्युत आपूर्ति कम्पनीले निवेदक व्यावसायिक कम्पनीलाई बिना औचित्य र कारण एक दशकसम्म विद्युत जडान नगरी दिएका कारण उत्पन्न आर्थिक क्षति र असुविधा बापत ५ लाख रुपैयाँ क्षतिपूर्ति भराइदिने र सो रकम समयमा नभराइदिए वार्षिक ९ प्रतिशतले व्याज भराइदिने भनी क्षतिपूर्ति न्यायोचित र मनासिब (Just and Fair) हुनुपर्ने भनी गरेको व्याख्या[36], दुग्ध पदार्थमा भएको हानिकारक रसायनको मिसावट नियन्त्रण गर्न राज्य सरकारलाई जारी १० बुँदे निर्देशन- जसमा Food safety and Standard Act, 2006 प्रभावकारी कार्यान्वयन गर्ने, दुग्ध पदार्थमा हानिकारक मिसावट भेटिएमा कारवाही हुने कुराको पूर्वजानकारी डेरी सञ्चालक र विक्रेताहरुलाई दिने, State Food Authority ले मिसावट परीक्षणको लागि पर्याप्त प्रयोगशालाको व्यवस्था गर्ने, मिसावट नियन्त्रणका

[35] Karnataka High Court on Sri Girish Rithvik K R *v.* Union of India, 2015, W.P. No. 49585/2014 c/w W.P. Nos. 49627/2014, 49200/2014 & 49201/2014 held that "On the facts of the case, it is appropriate that the College shall pay a compensation of Rs.1, 00, 00,000/- (Rupees One Crore) to each of the petitioners in W.P. Nos.49627/2014, 49200/2014 & 49201/2014. Further, the College and the Sangha shall refund whatever the amount they have collected from the said three petitioners and/or their parents which amount shall include the amount of Rs.60,00,000/- (Rupees Sixty Lakhs) collected by the Sangha from the father of Ms. Vadaanya Venkatesh as per the receipt dated 09.09.2014 produced as Annexure-C6 in W.P. No. 49201/2014."

[36] Tukaram S/O Sadashiv Chaudhari *v.* The Executive Engineer, Maharashtra State Electricity Distribution Company Limited and Ors, Civil Appeal No(S). 3578 OF 2019, (@ SLP(C) No(s) 29994 of 2016).

लागि प्रदेश भरमा सचिवको नेतृत्वमा उपयुक्त समिति गठन गर्ने, मिसावट नियन्त्रण गर्न सचेतना जगाउने लगायतका विविध विषय समेटिएको पाइन्छ।[37]

३९. यसैगरी, United India Insurance Co. Ltd. *v.* Davinder Singh. को मुद्दामा वैधानिक सवारी चालक अनुमतिपत्र नभएकै कारण त्यस्तो व्यक्तिले चलाएको सवारीबाट दुर्घटना वापत विमकले विमित प्रतिको क्षतिपूर्तिको दायित्वबाट उन्मुक्ति पाउन नसक्ने भनी गरेको व्याख्या पनि सान्दर्भिक देखिन्छ।[38] Medical Negligence को विवादमा चिकित्सकले Standard of Reasonable Degree of Skill and Knowledge (Duty of care) प्रमाणित गर्नुपर्छ भनी Arun Kumar Mangli *v.* Chirayu Health and Medicare Private Ltd[39]., Sheela Hirba Naik Gaunekar *v.* Apollo Hospitals Ltd. and Ors[40]. जस्ता विभिन्न मुद्दामा गरिएको व्याख्याबाट समेत उपभोक्ता हक संरक्षणप्रति सो अदालतको दृष्टिकोण स्पष्ट हुन्छ।

४०. यसैगरी, बेलायतमा उपभोक्ता संरक्षण सम्बन्धी कानूनको शुरुवात सन् १२१५ को Magna Carta बाट भएको दावी गरिन्छ। उक्त Charter मा भएको नापतौलमा एकरुपता हुनुपर्ने भन्ने व्यवस्था आधुनिक उपभोक्ता संरक्षण सम्बन्धी कानूनको जगका रुपमा रहेको मानिएको छ।[41] बेलायतमा बीसौं शताब्दीको मध्यसम्म पनि राज्यले अहस्तक्षेपकारी बजार तथा अर्थनीति अवलम्बन गरेका कारण छुट्टै उपभोक्ता संरक्षण ऐन जारी भएको पाइँदैन। पहिलोपटक सन् १९६१ मा The Consumer Protection Act जारी भएपश्चात् प्रतिष्पर्धा ऐन, १९८०; स्वच्छ व्यापार ऐन, १९७३; खाद्य सुरक्षा ऐन, १९९० जस्ता उपभोक्ता हक हित संरक्षण गर्न विषयगत ऐन जारी गरी सो ऐन अन्तर्गत कठोर दायित्व (Strict Liability) को निर्धारण गरेको समेत देखिन्छ। उक्त ऐनले उपभोक्ता हित संरक्षण गर्न स्वतन्त्र निकायको रुपमा उपभोक्ता परिषद्को स्थापना गर्नुका

---

[37] Swami Achyutanand Tirth and Ors. *v.* Union of India (UOI) and Ors., AIR 2016 SC 3626.

[38] United India Insurance Co. Ltd. *v.* Davinder Singh, AIR 2008 SC 329.

[39] Arun Kumar Mangli *v.* Chirayu Health and Medicare Private Ltd., MANU/SC/0202/2019

[40] Sheela Hirba Naik Gaunekar *v.* Apollo Hospitals Ltd. and Ors., (2018) 12 SCC 699.

[41] Brian W Harvey, *The law of Consumer Protection and Fair Trading*, Butterworths, 1978.

साथै ऐनको उल्लंघन कर्तालाई देवानी र फौजदारी दायित्व अन्तर्गत उत्तरदायी बनाउने व्यवस्था समेत गरेको पाइन्छ।

४१. कमन ल प्रणालीको प्रणेता मुलुक बेलायतको अदालतले उपभोक्ता हक हित संरक्षणमा महत्वपूर्ण मार्गदर्शन गरेको पाइन्छ। बजारमा वस्तु वा सेवा खरिद गर्दा क्रेता नै सजग रहनुपर्ने भन्ने मान्यता स्थापित भएको समय सन् १९३२ मा बेलायतको House of Lord ले वस्तु वा सेवाबाट क्रेतालाई पुगेको हानी नोक्सानीमा विक्रेतालाई उत्तरदायी बनाउनुपर्ने र क्रेताले न्यायोचित क्षतिपूर्ति पाउनु पर्ने भनी Donoghue *v.* Stevenson[42] को मुद्दामा गरेको व्याख्याको उपभोक्ता विधिशास्त्रमा धेरै महत्वपूर्ण स्थान छ। Lord Atkin को उक्त व्याख्याबाट उपभोक्ता संरक्षणमा विक्रेताको लापरवाही वा हेलचेक्र्याई वा दुष्कृतिपूर्ण कार्यलाई कानूनको दायराभित्र ल्याउने महत्वपूर्ण आधारशिला खडा भएको थियो। उक्त मुद्दाको व्याख्याले दुष्कृति र हेलचेक्र्याईलाई फरक कानूनी अवस्थाको रुपमा परिभाषित गर्दै उपभोक्तालाई हानी पुऱ्याउने नियतबाट गलत कर्म नभएको भए तापनि उपभोक्ता प्रति लक्षित उत्पादनबाट उपभोक्तालाई कुनै हानी पुग्न गएमा त्यसको जिम्मेवारी उत्पादकमा रहने महत्वपूर्ण सिद्धान्त स्थापित गरेको थियो। यसैगरी बेलायतको High Court ले सन् १९५७ मा चिकित्सकीय लापरवाहीसँग सम्बन्धित Bolam Case भनी प्रचलित एक मुद्दामा चिकित्सकले चिकित्सकीय सेवा प्रवाह गर्दा मनासिव सतर्कता (Standard of Reasonable Degree of Care) प्रमाणित गर्नुपर्छ भनी गरेको व्याख्यालाई सर्वकालीक महत्वको मानिन्छ।[43]

४२. अमेरिकामा सन् १९१४ मा जारी Federal Trade Commission Act, 1914 ले अस्वस्थ्य र धोकापूर्ण व्यापारिक अभ्यास विरुद्धको उजुरीको अनुसन्धान, अभियोजन र फैसला गर्न Federal Trade Commission को स्थापना भई सो आयोगले यस सम्बन्धी कार्य गरी रहेको भए तापनि पूर्वराष्ट्रपति JF Kennedy ले १५ मार्च १९६२[44] मा कंग्रेसमा गरेको

[42] Donoghue *v.* Stevenson, AC 562 SC (HL) SLT 317 WN 139 UK1932.

[43] Bolam *v.* Friern Hospital Management Committee (1957) 1 W.L.R. 582.

[44] यसै दिनको स्मरणमा United Nation ले १५ मार्चलाई UN Consumer Protection Day का रुपमा मनाउँदै आएको छ।

घोषणामा उपभोक्ता अधिकारको पुनरउल्लेखन गरेको देखिन्छ[45]। हाल अमेरिकाका सबै राज्यहरुमा उपभोक्ता संरक्षण सम्बन्धी छुट्टै ऐन समेत रहेको देखिन्छ। तथापि, अमेरिकी समाजमा सजग र चनाखो उपभोक्ताहरुको बाहुल्यता रहनुका साथै औपचारिक न्यायिक प्रणाली धेरै महङ्गो भएका कारण सन् १९६९ देखि उपभोक्ता हक सम्बन्धी विषयका दावीहरुलाई समान ढङ्गले पीडित भएका धेरै संख्याका उपभोक्ताहरुले एकमुष्ट र सामुहिक रुपमा दावी लिन सक्ने (Class Action) अभ्यास शुरु गरिएको पाइन्छ। उपभोक्ता अधिकार संरक्षणको लागि यो पहल सफल र प्रभावकारी मानिएको छ।

४३. अमेरिकाको Federal Trade Commission (FTC) लाई उपभोक्ताको हक उल्लंघन भएकोमा उपभोक्तालाई क्षतिपूर्ति दिने अख्तियारी समेत भएकोमा अमेरिकी सर्वोच्च अदालतले AMG Capital Management LLC *v.* FTC[46] को मुद्दामा FTC ले तत्कालिक राहत (Equitable Monetary Relief) लाई क्षतिपूर्ति/पुनस्थापना (Restitution) र हर्जाना (Disgorgement) का रुपमा समेत विस्तार गर्न सकिने राय व्यक्त गरेबाट उपभोक्ता हित संरक्षण वा उपभोक्ता न्यायको दायरा फराकिलो बन्दै गएको देखिन आउँछ। यसैगरी अमेरिकी सर्वोच्च अदालतले Warrior Trading Inc. ले लगानीकर्तालाई आकर्षित गर्न मुनाफाको भ्रामक र अतिशयोक्ति Day Trading Investment Scheme दिएको र सो मा विश्वास गरी हजारौं लगानीकर्ताले लगानी गरेको तर उक्त Scheme बमोजिम मुनाफा नभएपछि लगानीकर्ताहरुलाई हुन गएको धोखा र क्षतिमा Class action मार्फत क्षतिपूर्ति सहित रकम फिर्ता गर्न आदेश दिनुका साथै वास्तविक र यथार्थ लगानी योजना नभई FTC ले लगानी गर्न अनुमती दिन नहुने भनी जारी गरेको आदेश यस सन्दर्भमा उल्लेख गर्नु प्रासङ्गिक देखिन आएको छ।

---

[45] उक्त घोषणामा उपभोक्ताका ४ प्रमुख अधिकारको घोषणा गरेको पाइन्छः- क) बजारबाट वस्तु वा सेवा छनौट गर्न पाउने अधिकार; ख) वस्तु वा सेवाको बारेमा सूचना पाउने अधिकार; ग) वस्तु वा सेवाको सुरक्षित तरिकाले उपभोग गर्न पाउने अधिकार; घ) वस्तु वा सेवाको उपभोगको क्रममा मर्का परेमा सुनुवाई गरिने अधिकार। हेर्नुहोस्:- S. Sothi Rachagan (ed.); *DEVELOPING CONSUMER LAW IN ASIA*, Faculty of Law, University of Malaya, 1994, p.201.

[46] AMG Capital Management LLC *v.* FTC, 593 US 2021.

४४. उपभोक्ता संरक्षणको सन्दर्भमा अन्तरराष्ट्रिय कानूनतर्फ दृष्टिगत गर्दा, संयुक्त राष्ट्र संघ वा अन्य क्षेत्रीय प्रबन्ध अन्तर्गत उपभोक्ता हक हित संरक्षण सम्बन्धमा कानूनी रुपमा बाध्यकारी शक्तियुक्त कुनै सन्धी सम्झौता वा महासन्धि अवलम्बन गरिएको पाईदैन। तथापि, संयुक्त राष्ट्र संघद्वारा सन् १९८५ मा जारी गरिएको उपभोक्ता संरक्षण मार्गदर्शन (The United Nations Guidelines for Consumer Protection (UNGCP), 1985) मा सदस्य राष्ट्रहरुले उपभोक्ताको संरक्षण सम्बन्धी स्पष्ट र बलियो नीति अवलम्बन गर्नुपर्ने व्यवस्था उल्लेख भएको पाइन्छ। यद्यपि यो बाध्यकारी अन्तरराष्ट्रिय सन्धि होइन तथापि सदस्य राष्ट्रहरुको लागि कानून निर्माण वा अन्य व्यवस्थाकीय प्रबन्ध गर्ने सम्बन्धमा यो प्रस्तावलाई महत्वपूर्ण मार्गदर्शनका रुपमा स्वीकार गरी यसलाई विश्वका प्रायः सबै मुलुकले स्वेच्छाले अवलम्बन गरेको समेत पाइन्छ[47]। उपभोक्ता अधिकार संरक्षणको आवश्यकताका सम्बन्धमा Guidelines को धारा १ मा देहाय बमोजिमको औचित्य उल्लेख भएको देखिन्छः-

> "Taking into account the interests and needs of consumers in all countries, particularly those in developing countries; recognizing that consumers often face imbalances in economic terms, educational levels and bargaining power; and bearing in mind that consumers should have the right of access to non-hazardous products, as well as the right to promote just, equitable and sustainable economic and social development and environmental protection..."

४५. उल्लिखित प्रावधान हेर्दा सामान्यत सबै र मूल रुपमा विकासोन्मुख मुलुकका उपभोक्ताहरु आर्थिक र शक्ति सन्तुलनका दृष्टिले कमजोर हुने र सौदाबाजी क्षमता तथा शैक्षिक र चेतना स्तरमा समेत कमी हुने भएका कारण उपभोक्ताहरुलाई सुरक्षित वस्तु र सेवामा पहुँच दिलाउन तथा स्वच्छ, न्यायोचित र सन्तुलित आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षण समेतका लागि उपभोक्ता अधिकारको संरक्षण गर्नु आवश्यक

---

[47] यसलाई शुरुमा General Assembly ले resolution 39/248 मार्फत 16 April 1985 मा स्वीकार गरेको र पछि Economic and Social Council ले resolution 1999/7 मार्फत 26 July 1999 मा अवलम्बन गरेकोमा पछि resolution 70/186 मार्फत 22 December 2015 मा General Assembly ले यसलाई पुनः परिमार्जन सहित अवलम्बन गरेको हो।

र अपरिहार्य भएको तथ्यलाई विश्व समुदायले महसुस गरेको पाइन्छ। सो मार्गदर्शनको परिच्छेद-३ ले उपभोक्ताहरुले स्वास्थ्य र सुरक्षामा खतरा पुग्ने वस्तुबाट संरक्षण प्राप्त गर्नुपर्ने, मुल्य, गुणस्तर आदिको विषयमा उपभोक्तालाई छनौटको अवसर प्राप्त हुनुपर्ने, वस्तु र सेवामा सहज पहुँच र कम गुणस्तरको वस्तु वा सेवाको प्रयोगबाट हुन गएको हानी उपर न्यायिक उपचार हुनुपर्ने जस्ता कुरालाई आधारभूत मार्गदर्शन गरेको छ। उल्लिखित मार्गदर्शनलाई मानव अधिकारको विश्वव्यापी घोषणापत्रको (Universal Declaration of Human Rights, 1948) धारा २५(२) को गुणस्तरीय जीवन यापनका लागि राज्यले निर्वाह गर्नुपर्ने दायित्व वा जिम्मेवारीको आलोकमा समेत हेर्न आवश्यक देखिन्छ।

४६. यसप्रकार उपभोक्ता अधिकार सम्बन्धी अन्य मुलुक तथा अन्तरराष्ट्रिय स्तरमा भएका पहलहरुको अध्ययन गर्दा मर्यादित मानव जीवन यापनका लागि उपभोक्ता हकको प्रभावकारी संरक्षण अपरिहार्य भएको र राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनले समेत यसको प्रमुख दायित्व राज्यमा निर्धारण गरेको स्पष्ट हुन आउँछ।

४७. अब चौथो अर्थात् **निवेदन माग बमोजिम उपभोक्ता अदालत गठन हुनुपर्ने तथा उपभोक्ता संरक्षण ऐन, २०५४ बमोजिम जिल्ला क्षतिपूर्ति समितिहरुमा परेका उजूरीहरुलाई उपभोक्ता अदालत गठन नहुँदासम्म सम्बन्धित जिल्ला अदालतमा सार्ने लगायतको अन्य कुनै आदेश जारी हुनुपर्ने हो वा होइन** भन्ने अन्तिम प्रश्नको निरुपणका लागि उपभोक्ता अदालत गठन सम्बन्धी कानूनी व्यवस्थाको पृष्ठभूमि हेर्न आवश्यक देखियो। साविकको उपभोक्ता संरक्षण ऐन, २०५४ मा उपभोक्ता अधिकारसँग सम्बन्धित विवाद निरुपणका लागि छुट्टै न्यायिक निकाय वा विशिष्टीकृत अदालत सम्बन्धी कुनै व्यवस्था भएको पाईंदैन। नेपालको संविधानमा उपभोक्ता हकलाई मौलिक हकको रुपमा संरक्षण प्राप्त भए पश्चात् सो हक कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गर्ने क्रममा साविकको ऐनलाई खारेज गरी उपभोक्ता अदालत गठन गर्ने व्यवस्था सहित उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको सन्दर्भ माथिका प्रकरणहरुमा चर्चा भैसकेको छ। उक्त ऐनको प्रस्तावनामा नै **गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको**

संरक्षण तथा सम्बर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी बापत क्षतिपूर्ति उपलब्ध गराउन सो ऐन जारी गर्नु पर्नाको कारण उल्लेख भएको र साविकको उपभोक्ता संरक्षण ऐन, २०५४ मा उपभोक्ता अदालतको गठन सम्बन्धमा कुनै व्यवस्था नदेखिएबाट समेत वि.सं. २०७५ मा जारी उपभोक्ता संरक्षण ऐनको एक मुख्य उद्देश्य उपभोक्ता हकको प्रचलनको लागि न्यायिक उपचारको सुनिश्चितता दिलाउन उपभोक्ता अदालत गठन गर्नु रहेको स्पष्ट हुन आउँछ। वस्तुतः कानूनको व्याख्या गर्दा सो कानून जारी हुनु पूर्व कायम रहेको कानूनमा त्यस सम्बन्धी कुनै व्यवस्था थिएन भने साविकको कानूनमा सो व्यवस्था नभएका कारण संबोधन हुन नसकेको समस्यालाई निराकरण गर्ने उद्देश्यले पछि जारी गरिएको कानूनमा त्यस्तो व्यवस्था राखिएको हो भनी मान्नु पर्ने हुन्छ[48]। तदनुरुप हेर्दा नेपालको संविधानको धारा ४४ ले उपभोक्ता हकलाई मौलिक हकका रुपमा समावेश गरेको सन्दर्भमा उल्लिखित हक अधिकारलाई प्रभावकारी कार्यान्वयन गरी उपभोग्य बनाउने प्रयोजनका लागि उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको देखिएकोमा उपभोक्ता अदालतको गठनलाई ऐनले एक प्रमुख संरचनाको रुपमा लिएको देखिन आयो।

४८. अब विशिष्टीकृत अदालत गठन सम्बन्धी संवैधानिक प्रावधानलाई हेर्दा नेपालको संविधानको धारा १२७ मा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी तीन तहका अदालतहरु रहने व्यवस्था भए तापनि धारा १५२ मा विशिष्टीकृत अदालत गठन गर्न सकिने सम्बन्धमा देहाय बमोजिमको व्यवस्था देखिन्छः-

> **"धारा १५२. विशिष्टीकृत अदालतः (१) धारा १२७ मा लेखिए देखि बाहेक खास किसिम र प्रकृतिका मुद्दाहरुको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ।"**

[48] हेर्नुहोस्:- P.S.J. Langan, *Maxwell on the Interpretation of the Statutes*, 12th Edition, NM Tripathi Pvt. Ltd., 1976, pp.40-43.

४९. उल्लिखित संवैधानिक व्यवस्था हेर्दा नियमित मुद्दाको कारवाही र किनारा धारा १२७ बमोजिम गठन भएका अदालतहरुबाट हुने देखिए तापनि "खास किसिम" वा "खास प्रकृति" का मुद्दाको कारवाही र किनारा गर्न विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरण गठन गर्न सकिने देखिन आउँछ। मुद्दाको कारवाही र किनारा गर्न कुनै विशेष ज्ञान, शिप वा अनुभवको आवश्यकता पर्ने कुनै विशेष प्रकृतिका वा प्राविधिक विषयवस्तु समावेश भएका जटिल र प्राविधिक प्रकृतिका मुद्दामा सम्बन्धित विषयका ज्ञाता न्यायाधीशहरुबाट छिटो छरितो मुद्दाको कारवाही र किनारा गर्न विशिष्टीकृत न्यायिक निकायहरु गठन गर्ने अभ्यास विश्वका प्रायः सबैजसो कानूनी प्रणालीमा प्रचलनमा रहेको पाइन्छ। यस्ता अदालतको गठनबाट जटिल र प्राविधिक विषयवस्तुमा समेत छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन हुने, नियमित अदालतमा खास किसिमका मुद्दाको चाप कम हुने र कानूनी र विषयविज्ञ न्यायाधीशबाट मुद्दाको सुनुवाई हुने हुँदा यसले समग्र न्यायिक र कानूनी प्रणालीमा प्रभावकारिता ल्याउने भनी अमेरिकी न्यायिक प्रणालिमा विशिष्टीकृत अदालतको स्थान सम्बन्धमा गरिएको एक अध्ययनमा अमेरिकी Judicial System Advisor Markus B. Zimmer ले सुझाव पेश गरेको प्रसङ्ग यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन आयो।[49] यसरी गठन गरिएका विशिष्टीकृत अदालतबाट हुने मुद्दाको कारवाही र किनारा विषयविज्ञता सहित प्रभावकारी र उच्च गुणस्तरको हुने विश्वास गरिने भएकाले उक्त अध्ययनको निष्कर्ष हाम्रो सन्दर्भमा समेत प्रासङ्गिक नै देखिन्छ। उल्लिखित सैद्धान्तिक पृष्ठभूमिमा हाम्रो संविधानले समेत विशेष अदालत गठन गर्ने व्यवस्था गरेको र सोही संवैधानिक प्रावधानको आधारमा श्रम अदालत, विशेष

[49] हेर्नुहोस्:- Markus B. Zimmer, *Overview of Specialized Courts*, International Journal For Court Administration, August 2009, https://pdfs.semanticscholar.org/ec36/1489cc7caa6815636bbdc4b3c369b0915619.pdf. Specialization refers references courts that have limited and frequently exclusive jurisdiction in one or more specific fields of the law. Three of the primary benefits associated with the creation of specialized courts are (i) fostering improved decision-making by having experts decide complex cases; (ii) reducing pending case backlogs in generalist courts by shifting select categories of factually and/or legally complex cases to specialized courts more capable of dealing with them, thus generating fewer appeals; and (iii) decreasing the number of judge hours required to process complex cases by having legal and subject-matter experts adjudicate them". Zimmer ले अमेरिकामा यस्ता अदालतहरु Family Court, Labor Court, Water Court, Tax Court, Environmental Court, Land Court, Administrative Court, Small Claim Court, Juvenile Court आदि रहेको भनी उल्लेख गरेका छन्।

अदालत, राजस्व न्यायाधिकरण, प्रशासकीय अदालत जस्ता विभिन्न स्वरुपका विशिष्टीकृत अदालत तथा न्यायाधिकरणहरु गठन गरी अभ्यास गरिँदै आएको स्पष्ट छ।

५०. अब, उपभोक्ता अदालतको गठन सम्बन्धी कानूनी व्यवस्था हेर्दा उपभोक्ता संरक्षण ऐन, २०७५ को परिच्छेद-९ मा उपभोक्ता अदालत सम्बन्धी व्यवस्था रहेको पाइन्छ। उक्त ऐनको दफा ४० मा सो ऐन अन्तर्गतका कसूरमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभागको महानिर्देशकले सजाय गर्ने कसूर बाहेक अन्य मुद्दाको कारवाही तथा किनारा गर्नको लागि नेपाल सरकारले उपभोक्ता अदालत गठन गर्न सक्ने व्यवस्था रहेको छ। जुन यस प्रकार छः-

> "४१. <u>उपभोक्ता अदालतको गठनः</u> (१) यस ऐन अन्तर्गतका दफा ४० को उपदफा (१) बमोजिम हुने मुद्दा बाहेक अन्य मुद्दाको कारवाही तथा किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्न सक्नेछ।
>
> (२) उपदफा (१) बमोजिम गठन हुने उपभोक्ता अदालतको मुकाम तथा क्षेत्राधिकार सोही सूचनामा तोकिए बमोजिम हुने उल्लेख छ।
>
> (३) उपभोक्ता अदालतमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्:-
>
> (क) नेपाल सरकारले तोकेको सम्बन्धित जिल्लाको जिल्ला न्यायाधीश -अध्यक्ष
>
> (ख) नेपाल सरकारले तोकेको, नेपाल न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत -सदस्य
>
> (ग) नेपाल सरकारले तोकेको, नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत -सदस्य

(४) उपदफा (३) बमोजिमको अध्यक्ष वा सदस्यहरु तोकेको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(५) उपदफा (३) बमोजिम नेपाल सरकारले जिल्ला न्यायाधीशलाई अदालतको अध्यक्ष तोक्नु अघि न्याय परिषद्को र नेपाल न्याय सेवाको अधिकृतलाई अदालतको सदस्य तोक्नु अघि न्याय सेवा आयोगको परामर्श लिनु पर्नेछ।"

५१. उल्लिखित व्यवस्थाका अतिरिक्त सो ऐनको दफा ४८ मा उपभोक्ता अदालत गठन नभएसम्म मुद्दाको कारवाही र किनारा गर्ने सम्बन्धमा देहायको व्यवस्था देखिन्छ:-

**"४८. मुद्दाको कारवाही र किनारा सम्बन्धी विशेष व्यवस्था: दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम अदालत गठन नभए सम्मको लागि यस ऐन बमोजिमको मुद्दाको कारवाही, सुनुवाई र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।"**

५२. उल्लिखित कानूनी व्यवस्था हेर्दा ऐनको दफा ४१ को उपदफा (१) मा नेपाल सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्न सक्ने व्यवस्था भए तापनि दफा ४८ मा त्यस्तो अदालत गठन नभएसम्म सो अदालतले हेर्ने मुद्दाको कारवाही र किनारा सम्बन्धित जिल्ला अदालतले नै गर्ने व्यवस्था देखिन आउँछ। ऐनको सोही व्यवस्थालाई टेकी विपक्षी निकायको लिखित जवाफ तथा ती निकायको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले ऐनको दफा ४१(१) को व्यवस्था **"गठन गर्न सक्ने"** व्यवस्थासम्म हो, यो बाध्यकारी व्यवस्था होइन। साथै त्यस्तो अदालत गठन नहुँदा सम्म ***"सम्बन्धित जिल्ला अदालत"*** ले नै उपभोक्ता अदालतले हेर्ने मुद्दाको कारवाही किनारा गर्न सक्ने भएकाले उपभोक्ता अदालत गठन नहुँदैमा उपभोक्ता हकहित संरक्षण हुन नसक्ने अवस्था नभएको र सक्षम अदालत (जिल्ला अदालत) ले नै यस सम्बन्धी मुद्दा हेर्न सक्ने नै भएकाले रिट निवेदन माग बमोजिमको आदेश जारी गर्न

आवश्यक नभएको हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भनी जिकिर लिएको देखियो।

५३. यस सम्बन्धमा हेर्दा ऐनको दफा ४१ को उपदफा (१) मा सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत **"गठन गर्न सक्नेछ"** भन्ने शब्दावलीको प्रयोग गरेको देखिए तापनि उक्त दफामा प्रयुक्त शव्दावलीलाई सो ऐनको समग्रतामा व्याख्या गर्न आवश्यक देखियो। ऐनमा प्रयुक्त ***"गर्न सक्नेछ"*** भन्ने भाषिक संरचनाले सामान्यतः त्यस्तो कार्य गर्नुपर्ने दायित्व भएका व्यक्ति वा निकाय (Duty-holder) लाई सो कार्य गर्न बाध्य गराउन नसकिने स्वविवेकीय प्रकृतिको अधिकार प्रदान गरिएको भन्ने देखिए तापनि ***"उपभोक्तालाई प्राप्त हकको प्रचलनको लागि न्यायिक उपचार प्रदान गर्ने"*** सो ऐनको मुख्य उद्देश्य भएको सन्दर्भमा सो उद्देश्य प्राप्तिका लागि अबलम्वन गरिएको एक प्रमुख संस्थागत वा संरचनागत संयन्त्र क्रियाशील बनाउने विषयलाई ऐनमा **"गर्न सक्नेछ"** भन्ने शब्द प्रयोग भएकै कारण त्यस्तो अदालत गठन गर्नुपर्ने नेपाल सरकारको दायित्व पालनाको विषय बाध्यकारी होइन स्वेच्छिक हो भनी अर्थ गरिएमा ऐनको उल्लिखित उद्देश्य नै निस्तेज र निष्प्रभावी हुन जाने देखियो। वस्तुतः कानूनमा प्रयुक्त कुनै शब्दावलीको व्याख्या कुनै एक दुई शव्दलाई मात्र टपक्क टिपी निरपेक्ष रुपमा नगरी तत्सम्बन्धी कानूनी व्यवस्था, त्यस्तो कानूनी व्यवस्था गर्नुको उद्देश्य, गर्नुपर्ने कर्तव्यको प्रकृति तथा त्यसबाट पर्न सक्ने प्रभाव लगायतका समग्रतामा गरिनुपर्ने हुन्छ। यस आधारमा उक्त दफा ४१(१) मा प्रयुक्त ***"गर्न सक्नेछ"*** भन्नुको अर्थ गर्नुपर्ने कार्यको आवश्यकता र औचित्य हेरी उपयुक्त र मनासिब समयमा सम्पन्न गर्नुपर्ने भन्ने हुन आउँछ। **"गर्न सक्नेछ"** भन्नुको अर्थ **"गर्न नपर्ने"** भनी किमार्थ मान्न मिल्दैन। स्वविवेकीय अधिकारक्षेत्र अन्तर्गत कुनै काम कारवाही वा निर्णय गर्नुपर्ने आवश्यकता र औचित्य स्थापित भएको अवस्थामा समेत त्यस्तो निर्णय वा काम कारवाही नगरिएमा त्यसलाई स्वविवेकीय अधिकारको समुचित प्रयोग भनी मान्न मिल्दैन। ऐनको दफा ४१ को कानूनी व्यवस्था अनुसार नेपाल सरकारले पाउने अधिकतम सुविधा भनेको

आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्ने हो। उक्त ऐनले उपभोक्ता अदालत नै गठन नगर्ने छुट नेपाल सरकारलाई दिएको देखिएन।

५४. जहाँसम्म उपभोक्ता अदालत गठन नभए पनि सो सम्बन्धी मुद्दा जिल्ला अदालतले नै हेर्न सक्ने भन्ने विपक्षीको जिकिर छ सो सन्दर्भमा हेर्दा, उक्त ऐनले उपभोक्ता हक हितको न्यायिक प्रचलन गराउने प्रभावकारी संयन्त्रका रुपमा उपभोक्ता अदालतलाई नै मानेको देखियो। ऐनमा त्यस्तो अदालत गठन नहुँदासम्म सो अदालतले हेर्ने मुद्दा सम्बन्धित जिल्ला अदालतले हेर्ने भनी तदर्थ प्रकृतिको व्यवस्था भएकै आधारमा मुद्दा हेर्ने वैकल्पिक व्यवस्था भएको भनी उपभोक्ता अदालत गठन गर्नु नपर्ने भन्ने तर्क उचित र कानूनसम्मत देखिँदैन। वस्तुतः दफा ४१ बमोजिमको उपभोक्ता अदालतको गठन सम्बन्धी प्रावधान सो ऐनको प्रयोजनको लागि स्थायी र मूल संरचना हो। दफा ४८ को सम्बन्धित जिल्ला अदालतले नै मुद्दा हेर्ने प्रावधान सो ऐनमा विशेष प्रकृतिको अपवादात्मक व्यवस्थाका रुपमा रहेको देखिन्छ। दफा ४८ को व्यवस्था स्पष्टतः ***"दफा ४१ बमोजिमको उपभोक्ता अदालत गठन नभए सम्मको लागि"*** भन्ने देखिँदा यो व्यवस्था अस्थायी वा तदर्थ प्रकृतिको भन्ने स्वयंमा स्पष्ट छ। दफा ४८ जुन उद्देश्यका साथ ऐनमा राखिएको हो सोको प्रयोग सोही उद्देश्यमा सीमित गरिनु पर्दछ। दफा ४१ को मूल व्यवस्था नै निष्क्रिय र निष्प्रभावी हुने गरी दफा ४८ को विशेष व्यवस्थाको प्रयोग गर्नु कानून व्याख्याको मान्यता विपरित हुन जान्छ। कुनै खास परिस्थितिमा केही अवधिसम्म दफा ४१ बमोजिमको उपभोक्ता अदालत गठन हुन नसकेमा सोही आधारमा उक्त अदालतले हेर्नुपर्ने मुद्दाको कारवाही किनारा हुन नसक्ने अवस्था नआओस र सो अवधिमा उपभोक्ताले न्याय पाउने अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था सृजना नहोस् भनी कुनै खास अवधि सम्मका लागि दफा ४८ को व्यवस्था गरेको देखिएकोमा सोही व्यवस्थालाई टेकी अनन्त कालसम्म उपभोक्ता अदालत गठन नगर्ने छुट विपक्षी नेपाल सरकारलाई भएको देखिएन। नेपालको संविधानको धारा ४४ ले उपभोक्ताको हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको र सो हकको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यका साथ उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भएको देखिँदा मौलिक हकको प्रचलन गर्नु गराउनु

राज्यको अनिवार्य र प्राथमिक दायित्वको विषय भएको एवम् कानून कार्यान्वयनको सवालमा राज्य उदासिन रहनु कानूनी शासनको सम्वर्धनका लागि शोभनीय समेत नहुने भएकाले उपभोक्ता अदालत गठन सम्बन्धी ऐनको उल्लिखित व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने देखियो। ऐनको मूल संरचना दफा ४१ बमोजिम उपभोक्ता अदालतको गठन सम्बन्धी व्यवस्था भएकोले त्यस्तो अदालत गठन गर्नेतर्फ उन्मुख नभई तदर्थ रुपमा गरिएको दफा ४८ को व्यवस्थाबाट समेत मुद्दा हेर्न नरोकिने भन्ने आधारमा उपभोक्ता अदालत गठन गर्नुपर्ने दायित्वबाट विपक्षी नेपाल सरकारले उन्मुक्ति पाउन सक्ने अवस्था देखिएन। उल्लिखित कानूनी व्यवस्था बमोजिम उपभोक्ता अदालत गठन नभएसम्म सरकारले ऐन बमोजिमको कर्तव्य पूरा गरेको भनी मान्न मिल्ने देखिएन।

५५. अब उपभोक्ता अदालत गठन गर्ने जस्तो न्यायिक संरचना खडा गर्ने सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनका लागि यस अदालतले आदेश जारी गर्न सक्ने नसक्ने के रहेछ भन्ने सम्बन्धमा यस अदालतबाट कायम भएको न्यायिक सिद्धान्त हेर्दा तत्काल कायम रहेको बाल बालबालिका सम्बन्धी ऐन, २०४८ मा भएको व्यवस्था अनुरुप बाल अदालत गठन सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न यस अदालतमा दायर भएको निवेदक *सन्तोषकुमार महतो समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको रिट निवेदनमा यस अदालतबाट विपक्षी निकायहरुको नाउँमा कानूनको व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य तत्काल अघि बढाउन आदेश[50] भएको देखिन्छ।

---

[50] "बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५५(१) मा उल्लेख भए अनुसार बाल अदालत स्थापना गर्नुपर्ने दायित्व श्री ५ को सरकारको नै देखिएकोले सो कानूनी व्यवस्था बमोजिम बाल अदालत स्थापना गर्ने कार्य शीघ्र अगाडि बढाई त्यसको कारवाहीको जानकारी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखालाई गराउनू भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाउँमा तथा बाल अदालत स्थापना सम्बन्धी कारवाहीको प्रभावकारी अनुगमन गर्नू भनी यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखा मातहतको निर्णय कार्यान्वयन शाखाका नाउँमा निर्देशनात्मक आदेश जारी हुने"। हेर्नुहोस्:- ने.का.प. २०६२, अङ्क ८, नि.नं. ७५७८।

५६. यसैगरी उपभोक्ता हित संरक्षणका सन्दर्भमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि सम्बन्धी निर्णय बदर गर्न माग भएको रिट निवेदनमा यस अदालतको पूर्ण इजलासबाट *अधिवक्ता चन्द्रकान्त ज्ञवाली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा[51] ***"उपभोक्ता अधिकारको विषयमा विभिन्न कानूनी प्रबन्ध गरिएको अवस्थामा त्यसको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकार जिम्मेवार रुपमा प्रस्तुत हुनै पर्दछ। कानून बनाउने तर लागू गर्नेतर्फ अपेक्षित क्रियाशीलता नदेखाउने हो भने कानून प्रतिको सम्मान भावमा क्रमशः गिरावट आउन सक्ने"*** भनी गरेको कानूनको व्याख्या एवम् प्रतिपादित सिद्धान्त समेत यहाँ उल्लेख गर्नु सान्दर्भिक नै दैखिन्छ। यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले भारत सरकारले भारतको The Consumer Protection Act, 1986 मा भएको व्यवस्था अनुरुप उपभोक्ता विवाद निरुपण सम्बन्धी Consumer Disputes Redressal Agencies लामो समयसम्म गठन नगरेकोले उपभोक्ता विवादको प्रभावकारी समाधानका लागि ती निकाय तत्काल गठन गर्नू भनी गरेको आदेश तथा उक्त आदेश बमोजिम मानसिव समयमा त्यस्ता निकाय गठन नभएको भनी परेको अर्को रिट निवेदनमा पुनः सोही बेहोराको अर्को आदेश जारी भएको प्रसङ्ग समेत उल्लेख गर्नु सान्दर्भिक देखिन आयो।[52]

५७. यस स्थितिमा यस अदालतको मिति २०७६।०४।१९ को आदेशले विपक्षी निकायसँग उपभोक्ता अदालत गठन सम्बन्धमा के कसो भैरहेको छ भनी जवाफ माग गरिएकोमा विपक्षी मध्येका उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयबाट उपभोक्ता अदालत गठन सम्बन्धी कारवाही प्रकृया अगाडि बढाइएको भन्ने सम्म जानकारी प्राप्त हुन आए तापनि

---

[51] ने.का.प. २०६७, अङ्क ३, नि.नं. ८३२४।

[52] भारतीय सर्वोच्च अदालतले **Common Cause *v.* Union of India, 1991 (2) CPR 523 (SC)** एक मुद्दामा Consumer Protection Act, 1986 बमोजिम उपभोक्ताको विवाद समाधान गर्नका लागि Consumer Disputes Redressal Agencies गठन गर्न आदेश दिएको देखिन्छ। सो आदेशपश्चात् पनि आदेशानुसारको कार्य नभएको भनी पुनः दायर भएको रिट निवेदनमा उक्त अदालतबाट ऐ. ऐनको दफा ९ बमोजिम उपभोक्ताको गुनासो संवोधनको गर्न सम्भव भएसम्म प्रत्येक जिल्लामा वा केन्द्रीय सरकारको अनुमति पाए २/३ जिल्लाका लागि एउटा निकाय (District Forum) गठन गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। विस्तृतका लागि हेर्नुहोस्:- **Common Cause *v.* Union of India, 1993 (1) CPR 211 (SC).**

त्यस्तो अदालत गठन गरेको अवस्था देखिन आएन। यसबाट विपक्षी निकायहरुले माथि उल्लिखित संवैधानिक व्यवस्था, कानूनी प्रावधान तथा उपभोक्ता हक संरक्षण सम्बन्धमा यस अदालतका साथै अन्य विभिन्न मुलुकका अदालतले गरेको व्याख्या र प्रतिपादित सिद्धान्त समेतले राज्यमा निर्धारण गरेको उपभोक्ता अदालत गठन गर्ने कानूनी व्यवस्था कार्यान्वयन गर्नुपर्ने दायित्व पूरा गरेको नदेखिएकोले सो सम्बन्धी कानूनी व्यवस्थाका प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त आदेश जारी गर्नुपर्ने अवस्था देखिन आयो।

५८. तसर्थ, माथि विवेचित आधार, कारण तथा संवैधानिक र कानूनी व्यवस्था समेतबाट उपभोक्ता संरक्षण ऐन, २०७५ को उद्देश्य प्राप्त गर्नका लागि के कति संख्यामा उपभोक्ता अदालतको गठन हुन आवश्यक छ? उक्त अदालतको क्षेत्राधिकार (भौगोलिक) के कस्तो हुनुपर्ने हो? सो अदालतको भौतिक, संस्थागत तथा अन्य व्यवस्थापकीय पक्षको व्यवस्थापन के कसरी गर्नुपर्ने हो? सो समेतका विषयमा सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय समेत गरी थप अध्ययन अनुसन्धान आवश्यक पर्ने भए सो समेत सम्पन्न गरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको उपभोक्ता अदालत यथाशीघ्र गठन गर्नू गराउनू भनी विपक्षीहरुको नाउँमा परमादेश जारी हुने ठहर्छ। तत्कालिन उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ र २४ बमोजिम जिल्ला क्षतिपूर्ति समितिहरुमा परेको उजूरीहरुका सन्दर्भमा त्यस्ता उजूरी तथा निवेदनको कारवाही उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४८ बमोजिम सम्बन्धित जिल्ला अदालतबाट कारवाही गर्ने व्यवस्था मिलाउनू भनी यस अदालतबाट मिति २०७५।११।१३ मा जारी भएको अन्तरिम आदेश बमोजिम सबै उजूरी तथा निवेदनहरु जिल्ला अदालतमा सरिसकेको भनी दुवै पक्षका कानून व्यवसायीहरुले इजलासलाई अवगत गराउनु भएकाले सो सम्बन्धमा थप आदेश गरिरहनु पर्ने देखिन आएन।

५९. साथै, उपभोक्ता अदालतले हेर्नुपर्ने कतिपय मुद्दाको विषयवस्तु जटिल, प्राविधिक र विशेष ज्ञान शिपको आवश्यकता पर्ने प्रकृतिको देखिएको हुँदा त्यस्ता विषयमा सक्षम र प्रभावकारी न्याय सम्पादनको सुनिश्चितताको लागि प्रकरण ५८ बमोजिम उपभोक्ता

अदालत गठन भएपछि राष्ट्रिय न्यायिक प्रतिष्ठानले अन्य सम्बन्धित निकायसँग समेत आवश्यक समन्वय गरी सो अदालतको कार्य प्रकृतिसँग सम्बन्धित विषयको तालिम पाठ्यक्रम तयार गरी सो अदालतका अध्यक्ष, सदस्य तथा अन्य सम्बन्धित अधिकारीलाई कार्यक्षेत्रमा पठाउनु अघि कम्तिमा दश दिनको तालिम प्रदान गर्ने आवश्यक व्यवस्था मिलाउन न्याय परिषद्, राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा अन्य विपक्षी निकायमा समेत आवश्यक समन्वय र सहजिकरण गर्नू भनी यस अदालतका मुख्य रजिस्ट्रारको नाउँका निर्देशनात्मक आदेश समेत जारी गरी दिएको छ।

६०. यो आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरु कहाँ पठाई प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(नहकुल सुवेदी)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(बमकुमार श्रेष्ठ)
न्यायाधीश

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली
अनुसन्धान : उपसचिव पुजा खत्री, शाखा अधिकृत सदिक्षा नेपाल
कम्प्युटर अपरेटर : राधिका घोरासाइने

ईति संवत् २०७८ साल फाल्गुन महिना ८ गते रोज १ शुभम्.....................................।